त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त

# चतुर्भूजेश्वर जनता बुहुमुखी क्याम्पस

सुखेपोखरी, हरिवन, सर्लाही

स्थापित : २०४८

# संशोधित विधान २०७७

# चतुर्भूजेश्वर जनता बहुमुखी क्याम्पस

## सुखेपोखरी, हरिवन, सर्लाही

## विधान २०४८

| | | |
|---|---|---|
| प्रथम संशोधन | - | २०५२ |
| दोस्रो संशोधन | - | २०६४ |
| तेस्रो संशोधन | - | २०६७/०३/०७ |
| चौथो संशोधन | - | २०७१/०२/१७ |
| पाँचौ संशोधन | - | २०७३/०१/१४ |
| छैठो संशोधन | - | २०७४/०४/२० |
| सातौं संशोधन | - | २०७५/०५/३० |
| आठौं संशोधन | - | २०७६/१०/१७ |
| नवौं संशोधन | - | २०७७/१०/१६ |

मिति २०७६ असाढ १६ गते बसेको यस क्याम्पस संचालक समितिको बैंठकले क्याम्पसको विधानमा केही संशोधन गरी क्याम्पसलाई आवश्यकता देखिएको आर्थिक प्रशासन नियमावली, शैक्षिक प्रशासन नियमावली र प्राध्यापक कर्मचारी नियमावलीमा आवश्यकता बमोजिम परिमार्जन गर्न क्याम्पस संचालक समितिका अध्यक्ष श्री वासुदेव निरौला ज्यूको संयोजकत्वमा संस्थापक अध्यक्ष श्री यामिनीकुमार दिप, संस्थापक सदस्य सचिव श्री कृष्णप्रसाद भट्टराई, लेखा समिति संयोजक श्री विदुरकुमार प्याकुरेल, हरिवन न.पा. वडा नं. १० वडा अध्यक्ष तथा क्याम्पस संचालक समिति सदस्य श्री शम्भुप्रसाद मैनाली, प्राध्यापक श्री गंगाबहादुर भुजेल र क्याम्पस प्रमुख श्री हरिलाल मैनाली रहेको सात सदस्यीय विधान संशोधन समिति गठन भई उक्त समितिले आफ्नो कार्य पुरा गरी २०७६/१०/१३ गते बसेको क्याम्पस संचालक समितिको बैठकमा प्रस्तुत भई छलफल पछि स्वीकृत भई २०७६/१०/१७ गते आयोजित यस क्याम्पसको नियमित क्याम्पस सभामा अनुमोदनको लागि पेश गर्दा संसोधित विधान तथा नियमावलीहरू सर्वसहमत अनुमोदन भई स्वीकृतिका लागि त्रिभुवन विश्वविद्यालय योजना निर्देशनालय कृतिपुर, काठमाडौंमा पेश गरिएकोमा विधानका केही दफाहरूमा थप परिमार्जन

गर्न सुझावहरु प्राप्त भए बमोजिम पूर्व गठित विधान समितिलाई नै सुझावअनुसार परिमार्जन गरी क्याम्पस संचालक समितिको बैठकमा पेश गर्न दिएको अधिकारको आधारमा उक्त समितिबाट आवश्यक कार्यहरू पुरा गरी मिति २०७७/०९/११ गते बसेको क्याम्पस संचालक समितिको बैठकमा पेस पश्चात छलफलपछि स्वीकृत भई मिति २०७७/१०/१६ गते तद्नानुसार २९ जनवरी २०२१ का दिन आयोजित यस क्याम्पसको नवौं क्याम्पस अधिवेशनमा अनुमोदनका लागि पेश गरिएको संशोधित विधान २०७७ सर्वसहमतबाट अनुमोदन गरियो ।

# चतुर्भूजेश्वर जनता बहुमुखी क्याम्पस

## सुखेपोखरी, हरिवन, सर्लाही

## विधान २०४८

(नवौं संशोधन - २०७७/१०/१६ सहित)

**प्रस्तावना :**

राष्ट्र उत्थानको लागि उच्च शिक्षा महत्वपूर्ण आधार मानिन्छ । देशका ग्रामिण क्षेत्रहरूमा शैक्षिक जागरण नल्याई हाम्रो राष्ट्र विश्वमा सफल, समुन्नत र सम्मानित हुन सक्दैन । उच्च शिक्षाको अवसर नेपालमा गाउँ तह र अवसरको कम सम्भावना रहेको समुदायसम्म पुग्नु पर्छ । सर्वसुलभ गुणस्तरीय र राष्ट्रिय जनशक्तिलाई टेवा पुऱ्याउने शिक्षाको विकास गर्न सकिएन भने भावी पुस्ता असिम सम्भावनाबाट बञ्चित हुन सक्छ । यी तथ्य मनन गर्दै शैक्षिक विकासको लागि समुदाय आफैं सक्रिय हुनुपर्ने यथार्थलाई आत्मसात गरी गैर नाफा मूलक सामुदायिक क्याम्पस भएको हुँदा यस विधानलाई परिवर्तित समायानुकुल बनाउँदै लाने क्रममा चतुर्भूजेश्वर जनता बहुमुखी क्याम्पसको विधान २०४८ लाई परिमार्जन एवम् संशोधन गरी नवौं संशोधित विधान २०७७ तर्जुमा गरिएको छ ।

### परिच्छेद - १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यो विधानको नाम चतुर्भूजेश्वर जनता बहुमुखी क्याम्पसको विधान २०४८ (नवौं संशोधन २०७७ सहित) रहनेछ ।

ख)[१] यो विधान क्याम्पस संचालक समितिद्वारा क्याम्पस सभामा पेश गरी छलफल पछि क्याम्पस सभाबाट पारित भई त्रिभुवन विश्वविद्यालयले अनुमोदन गरेपछि मात्र लागु हुनेछ ।

---

[१] परिमार्जन गरिएको (नवौं संशोधन २०७७)

ग) यो विधान क्याम्पस व्यवस्थापन, संचालन र विकासको लागि मुख्य मार्ग निर्देशन नीतिको रूपमा रहनेछ ।

## २. परिभाषा :

**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा :-**

क) "क्याम्पस" भन्नाले चतुर्भूजेश्वर जनता बहुमुखी क्याम्पस, सुखेपोखरी, हरिवन, सर्लाहीलाई सम्झनु पर्नेछ ।

ख) "विधान" भन्नाले चतुर्भूजेश्वर जनता बहुमुखी क्याम्पसको विधान २०७७ लाई बुझिनेछ ।

ग) "ऐन" भन्नाले त्रिभुवन विश्वविद्यालय र नेपाल सरकारको ऐन कानूनलाई जनाउने छ ।

घ) "नियमावली" भन्नाले त्रिभुवन विश्वविद्यालय, विश्वविद्यालय अनुदान आयोगका नियमावलीहरू, नेपाल सरकारका नियमावली साथै यस विधानको अधिनमा रही तर्जुमा गरिएको नियमावलीहरूलाई बुझ्नु पर्दछ ।

ङ) "क्याम्पस सभा" भन्नाले चतुर्भूजेश्वर जनता बहुमुखी क्याम्पसको सर्वोच्च शक्तिको स्रोत र मुख्य नेतृत्वदायी अंग बुझिनेछ ।

च) "समिति" भन्नाले क्याम्पस सभाले गठन गर्ने यस क्याम्पसको संचालक समिति सहित लेखा सुपरीवेक्षण समिति र अनुगमन समिति समेतलाई बुझिनेछ ।

छ)[२] "अध्यक्ष" भन्नाले यस क्याम्पस संचालक समितिको अध्यक्षलाई बुझिनेछ ।

ज)[३] "उप-समिति" भन्नाले क्याम्पस संचालक समितिद्वारा गठन गरिएको क्याम्पस संचालक समितिको कार्यकाल भरी मात्र सक्रिय रहने समितिलाई बुझिनेछ ।

"उपभोक्ता समिति वा कार्यदल" भन्नाले निश्चित कार्य सम्पन्न गर्नको लागि संचालक समितिको निर्णयबाट गठन हुने समितिलाई बुझिनेछ । कार्य सम्पन्न भएपछि यो समिति स्वतः निश्क्रिय हुनेछ ।

---

[२] थपिएको (आठौं संशोधन २०७६)

[३] परिमार्जन गरिएको (आठौं संशोधन २०७६)

झ) "संचालक समिति" भन्नाले यस विधानको दफा १८ बमोजिम गठन हुने समितिलाई बुझ्नु पर्दछ ।

ञ) "अनुगमन समिति" भन्नाले यस विधानको दफा ३० बमोजिम गठन हुने समितिलाई सम्झनु पर्दछ ।

ट) "लेखा सुपरिवेक्षण समिति" भन्नाले यस विधानको दफा ३१ बमोजिम गठन हुने समितिलाई बुझ्नु पर्दछ ।

ठ) "संरक्षण समिति" भन्नाले यस विधानको दफा ३२ बमोजिम गठन हुने समितिलाई बुझ्नु पर्दछ ।

ड) "सल्लाहकार उप-समिति" भन्नाले यस विधानको दफा ४१ बमोजिम गठन हुने समितिलाई बुझ्नु पर्दछ ।

ढ) "लेखा व्यवस्थापन उप-समिति" भन्नाले यस विधानको दफा ३६ बमोजिम गठन हुने समितिलाई बुझ्नु पर्दछ ।

ण) "निर्माण उप खरिद उप-समिति" भन्नाले यस विधानको दफा ३४ बमोजिम गठन हुने समितिलाई बुझ्नु पर्दछ ।

त) "शैक्षिक समन्वय उपसमिति" भन्नाले यस विधानको दफा ३८ बमोजिम गठन हुने समितिलाई बुझ्नु पर्दछ ।

थ) "छनौट तथा पदपूर्ति उप-समिति" भन्नाले यस विधानको दफा ३५ बमोजिम गठन हुने समितिलाई बुझ्नु पर्दछ ।

द) "छात्रवृत्ति तथा प्रोत्साहन उप-समिति" भन्नाले यस विधानको दफा ३९ बमोजिम गठन हुने समितिलाई बुझ्नु पर्दछ ।

ध) "पुस्तकालय व्यवस्थापन उप-समिति" भन्नाले यस विधानको दफा ४२ बमोजिम गठन हुने समितिलाई बुझ्नु पर्दछ ।

न) "क्याम्पस प्रमुख" भन्नाले यस क्याम्पसको प्रशासकीय प्रमुखलाई बुझ्नु पर्दछ ।

प)[४] "सहायक क्याम्पस प्रमुख" भन्नाले यस क्याम्पसको सहायक प्रशासकीय प्रमुखलाई बुझिनेछ ।

---

[४] थपिएको (आठौं संशोधन २०७६)

फ)[५] "संकाय प्रमुख" भन्नाले सम्बन्धित संकायको प्रमुखलाई बुझिनेछ ।

ब)[६] "विभागीय प्रमुख" भन्नाले विषय समितिको प्रमुखलाई बुझिनेछ ।

भ) 'प्राध्यापक'' भन्नाले यस क्याम्पसको पठनपाठनको लागि विधानअनुसार नियुक्त आंशिक प्राध्यापक, सहायक प्राध्यापक, उप-प्राध्यापक, सह-प्राध्यापक र प्राध्यापकलाई जनाउँछ ।

म) "कर्मचारी'' भन्नाले क्याम्पसको (Non Teaching Staff) कार्यको लागि नियुक्त जुनसुकै पदको लागि स्थायी, अस्याथी, करार र आंशिक कर्मचारीलाई जनाउने छ ।

य) "विद्यार्थी'' भन्नाले क्याम्पसमा अध्ययन गर्ने नियमित छात्रछात्राहरूलाई जनाउने छ ।

र) ''पदाधिकारी'' भन्नाले क्याम्पस संचालक समिति र उप-समितिका अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सदस्य सचिव, सदस्य एवम् समिति र उप-समितिका संयोजक तथा सदस्यहरू बुझाउने छ ।

ल) "त्रि.वि.'' भन्नाले त्रिभुवन विश्वविद्यालयलाई बुझाउने छ ।

व) "वि.वि.अ.आ." भन्नाले विश्वविद्यालय अनुदान आयोगलाई बुझाउने छ ।

श) "सदस्य" भन्नाले विधान बमोजिम यस क्याम्पसको सदस्यहरुलाई बुझिनेछ ।

ष) "स्व.वि.यू." भन्नाले स्वतन्त्र विद्यार्थी यूनियन बुझिनेछ ।

स) "रा.प.बो." भन्नाले राष्ट्रिय परिक्षा बोर्डलाई बुझिनेछ ।

## ३. कार्यालय तथा प्रबन्ध :

क) यस क्याम्पसको नाम चतुर्भूजेश्वर जनता बहुमुखी क्याम्पस रहनेछ । जसलाई अंग्रेजीमा Chaturbhujeshwar Janata Multiple Campus लेखिनेछ । Chaturbhujeshwar Janata Multiple Campus लाई छोटकरीमा CJMC लेखिनेछ ।

ख) क्याम्पसको मुख्य कार्यालय सुखेपोखरी, हरिवन, सर्लाहीमा रहनेछ । आवश्यकता परेमा अन्यत्र पनि सम्पर्क कार्यालय खोल्न सकिनेछ । सुखेपोखरी, हरिवन, सर्लाहीलाई अंग्रेजीमा Sukhepokhari, Harion, Sarlahi लेखिनेछ ।

---

[५] थपिएको (आठौं संशोधन २०७६)

[६] थपिएको (आठौं संशोधन २०७६)

ग) समितिले निर्धारण गरेअनुसार क्याम्पसको आफ्नो छुट्टै छाप हुनेछ । क्याम्पसको छाप अनुसूची १ अनुसार हुनेछ ।

घ) क्याम्पस अविछिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था रहनेछ ।

ङ) क्याम्पसले कानूनी व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचविखन गर्न, आपसी सम्झौता गर्न, धितो बन्धक वा ठेक्का दिन, ऋण दिन वा लिन सक्नेछ । आवश्यक परेमा विभिन्न कानूनी प्रकृयाअन्तर्गत नालिस वा उजुर गर्न तथा प्रतिवादी लाउन समेत क्याम्पस स्वतन्त्र हुनेछ ।

च) यो क्याम्पस संचालन हुन नसकी बन्द हुने अवस्था भएमा क्याम्पसको सम्पूर्ण चलअचल जायजेथा सम्पत्ति सम्बन्धन दिने विश्वविद्यालयको वा नेपाल सरकारको हुनेछ ।

छ) क्याम्पस मुनाफा रहित स्थानीय समुदायद्वारा संचालित सामुदायिक संस्था हुनेछ ।

ज) क्याम्पसको आफ्नो छुट्टै पहिचान झल्कने झण्डा हुनेछ । जसलाई अनुसूची ३ मा राखिएको छ ।

## ४. उद्देश्य :

क)[७] गुणस्तर सुनिश्चितताको प्रमाण-पत्र लिई न्यूनतम शुल्कमा सर्वसुलभ ढंगले गुणस्तरीय शिक्षा प्रदान गर्दै गुणस्तर सुधारमा लागि रहने ।

ख) अनुशासित, मर्यादित, तालिम प्राप्त अनुसन्धानमुखी दक्ष जनशक्ति उत्पादन गर्ने ।

ग) अनुसन्धान तथा खोजमुलक कार्यमा जोड दिई प्राज्ञिक उन्नयन गर्ने ।

घ) उच्च शिक्षा प्रदान गर्ने प्रतिष्ठित संस्थाको रूपमा क्याम्पसलाई विकास गर्ने ।

ङ) माध्यमिक विद्यालयसँग समन्वय गर्दै विभिन्न संकायमा स्नातक तह र स्नातकोत्तर तहसम्मको शिक्षा प्रदान गर्न प्रयत्नरत रहने ।

च) राष्ट्रको लागि आवश्यक पर्ने बौद्धिक, जिम्मेवार र उच्च भूमिका निर्वाह गर्न सक्ने नागरिक एवम् दक्ष जनशक्ति उत्पादन गर्ने ।

---

[७] थपिएको (आठौं संशोधन २०७६)

छ) उच्च शिक्षा संचालन गर्ने स्पष्ट दृष्टिकोण साथ योजनाबद्ध रूपमा पूर्वाधार विकासको प्रयास थाल्ने ।

ज) रोजगारमूलक शिक्षाको आवश्यक्तालाई मध्यनजर गर्दै शैक्षिक नीति बनाउन जोड दिने ।

झ) समुदायको सहभागिता र निर्णायक भूमिकाबाट मात्र क्याम्पसको दीर्घकालीन हित हुने कुरामा जोड दिदैं स्थानीय निकाय, सरकारी तथा गैर सरकारी कार्यालय एवम् संघ संस्थासँग उच्च सम्बन्ध राखेर काम गर्ने ।

ञ) क्याम्पसको विकास र प्रगतिको लागि प्रध्यापक र कर्मचारीको भूमिकालाई महत्व दिदैं क्याम्पस संचालन र व्यवस्थापनमा उनीहरूको सीप र दक्षतालाई कदर गर्ने ।

ट) आर्थिक रूपमा पछि परेका समुदाय, दलित, आदिवासी, जनजाति, महिला, अपाङ्ग, असहाय, द्वन्द्वपीडित आदिलाई उच्च शिक्षाको अवसर दिन विशेष कार्यक्रम ल्याउने ।

ठ) आवश्यकताअनुसार अन्तरक्रिया, तालिम, गोष्ठी, सभा, सम्मेलन गरी नजिकका माध्यमिक विद्‌यालय तथा प्राध्यापक, कर्मचारी, अभिभावक, विद्यार्थी, समाजसेवी र क्याम्पसका सहयोगी शुभेच्छुकसँग क्याम्पसको बृहत्तरहितको लागि आवश्यक परामर्श लिने ।

ड) क्याम्पसको स्थापना, प्रबर्द्धन, विकास र हितको लागि काम गर्ने तथा लेखन, प्रकाशन, प्रचार, आर्थिक, साँस्कृतिक वा बौद्धिक रूपमा योगदान गर्ने व्यक्ति वा संस्थालाई कदर गर्ने ।

ढ) क्याम्पसको शैक्षिक, भौतिक एवम् बौद्धिक विकासको लागि त्रिभुवन विश्वविद्‌यालय, विश्वविद्‌यालय अनुदान आयोग र अन्य शैक्षिक प्रतिष्ठानहरू, स्वदेश तथा विदेशका संघ संस्थाहरूसँग भाइचाराको सम्बन्ध स्थापना गर्दै सहयोग एवम् अनुभव आदान प्रदान गर्ने ।

ण) क्याम्पस पदाधिकारी, प्राध्यापक, कर्मचारी एवम् विद्यार्थी र समुदायलाई समाजको रुढीवादी, कुसंस्कार हटाउदैं सामाजिक जागरणमा योगदान गरी राष्ट्र निर्माणको भूमिका खेल्न प्रेरित गर्ने ।

त) क्याम्पसलाई नसालु पदार्थ सेवन एवम् दुर्व्यसन मुक्त क्षेत्र बनाउदै उच्च चरित्र र उदाहरणीय नैतिक आचरण भएको प्रतिष्ठान बनाउन प्रयत्न गर्ने ।

## परिच्छेद - २

## सदस्यता

### ५. सदस्यता :

क्याम्पसको विधान, नीति नियम र निर्णयहरू पालना गर्न मञ्जुर गर्ने जो कोही पनि नेपाली नागरिक, संघ संस्था वा प्रतिष्ठानहरूलाई क्याम्पसको सदस्यता दिन सकिनेछ ।

### ६. सदस्यताको लागि योग्यता :

क्याम्पस सभा सदस्य हुनका लागि देहायबमोजिमको योग्यता हुनुपर्नेछ ।

क) नेपाली नागरिकता प्राप्त गरेको ।

ख) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतद्वारा कसुरदार ठहरी सजाय नपाएको ।

ग) १८ वर्ष पुरा भएको ।

घ) शैक्षिक क्षेत्रको विकास तथा क्याम्पसको हितमा सदैव समर्पित हुने भावना भएको ।

### ७. सदस्यता प्रकार :

क्याम्पसमा निम्नलिखित ९ प्रकारका सदस्यहरू हुनेछन् ।

| | | | | | |
|---|---|---|---|---|---|
| क) | संस्थापक सदस्य | ख) | आजीवन सदस्य | ग) | विशिष्ठ सदस्य |
| घ) | संस्थागत सदस्य | ङ) | आवधिक सदस्य | च) | साधारण सदस्य |
| छ) | मानार्थ सदस्य | ज) | मनोनित सदस्य | झ) | पदेन सदस्य |

### क. संस्थापक सदस्य

यस क्याम्पसको स्थापना कालमा शैक्षिक आर्थिक र भौतिक विकासमा महत्वपूर्ण योगदान गर्ने तत्कालिन १३ जना संचालक समिति सदस्यहरू संस्थापक सदस्यको रूपमा रहनेछन । जसलाई अनुसूची ४ मा राखिएको छ ।

**ख.  आजीवन सदस्य**

यो विधान लागु हुनुपूर्व र यो विधान लागू भए पछि कम्तिमा रु.५,०००।- (अक्षरेपी पाँच हजार मात्र) संदस्यताको लागि शुल्क बुझाउने व्यक्तिलाई क्याम्पसको आजीवन सदस्य दिईनेछ । यस क्याम्पसमा कार्यरत दैनिक ज्यालादारी कर्मचारी र आंशिक प्राध्यापक बाहेक स्थायी, अस्थायी वा करार सेवाका प्राध्यापक तथा कर्मचारीहरूले पनि रु.५,०००।- (अक्षरेपी पाँच हजार मात्र) तिरी आजीवन सदस्यता लिनु पर्नेछ ।

**ग.  विशिष्ट सदस्य**

कम्तिमा रु.५०,०००।- (अक्षरेपी पचास हजार मात्र) सहयोग गर्ने नागरिकलाई विशिष्ट सदस्यता प्रदान गरिनेछ ।

**घ.  संस्थागत सदस्य**

यो विधान लागु हुनु पूर्व क्याम्पसलाई कम्तिमा रु.५०,०००।- (अक्षरेपी रु पचास हजार) र यो विधान लागु भए पछि कम्तिमा रु.१,००,०००।- (अक्षरेपी एक लाख मात्र) सहयोग गर्ने संघ संस्था, प्रतिष्ठान वा कार्यालयहरूलाई संस्थागत सदस्यता प्रदान गर्न सकिनेछ ।

**ङ.  साधारण सदस्य**

क्याम्पसको साधारण सदस्य बन्ने उद्देश्यले कम्तिमा रु.२,५००।- (अक्षरेपी दुई हजार पाँच सय मात्र) शुल्क प्रदान गर्ने नागरिकलाई सदस्य बनेको दिनदेखि गणना हुने गरि ३ वर्षको लागि साधारण सदस्यता प्रदान गरिनेछ। सदस्यता समाप्त नहुदैं वा समाप्त भएको बढिमा ३५ दिन भित्र रु.५००।- (अक्षरेपी पाँच सय मात्र) शुल्क तिरी नविकारण गरेमा (थप ३ वर्षको लागि) सदस्यता नविकरण भएको मानिनेछ । ३५ दिनभित्र नविकरण नगरेमा सदस्यता स्वतः रद्द हुनेछ । साधारण सदस्यहरूले क्याम्पस सभामा हुने मतदान प्रकृयामा भाग लिन अघिल्लो वर्षको चैत्र मसान्त सम्ममा सदस्यता लिई सकेको हुनुपर्नेछ ।

**च.  आवधिक सदस्य**

क्याम्पस संचालक समितिले आवश्यकता परेमा बढिमा ३ वर्षका लागि जनजाती, दलित, महिला, बुद्धिजिविहरूबाट आवधिक सदस्य मनोनित गर्न सक्नेछ ।

### छ. मानार्थ सदस्य

स्थानीय, राष्ट्रिय, स्वदेशी वा विदेशी वरिष्ठ व्यक्तित्व, शिक्षा, सामाजिक वा राजनितिक क्षेत्रमा सम्मानित महानुभाव अथवा कला, साहित्य, संस्कृतिलगायत आर्थिक वा बौद्धिक क्षेत्रबाट क्याम्पसलाई सहयोग पुऱ्याउने व्यक्तित्वहरूलाई मानार्थ सदस्यता प्रदान गरी सम्मान गर्न सकिनेछ। क्याम्पसलाई कम्तिमा ५ लाख नगद वा जिन्सी सहयोग गर्ने दातालाई स्वतः मानार्थ सदस्यता प्रदान गरिनेछ।

### ज. मनोनित सदस्य

यस विधानको दफा ९ बमोजिम संचालक समितिले मनोनित गरेका व्यक्तिहरू मनोनित सदस्य रहने छन्।

### झ. पदेन सदस्य

यस क्याम्पसको क्याम्पस सभाका लागि निम्न प्रकारका पदेन सदस्य हुनेछन्।

| | | | |
|---|---|---|---|
| झ.१ | श्री क्याम्पस प्रमुख | - | सदस्य |
| झ.२ | हरिवन नगरपालिका हरिवनका नगर प्रमुख वा निजको प्रतिनिधि | - | सदस्य |
| झ.३ | सम्बन्धन दिने विश्वविद्यालयका प्रतिनिधि | - | सदस्य |
| झ.४ | प्राध्यापक संघ ईकाइ सभापति वा निजले तोकेको प्रतिनिधि | - | सदस्य |
| झ.५[८] | कर्मचारी संगठनको ईकाइ सभापति वा निजले तोकेको प्रतिनिधि | - | सदस्य |
| झ.६ | सर्लाहीको क्षेत्र नं. ३ र ३ (क) बाट निर्वाचित सांसद सदस्य | - | सदस्य |
| झ.७ | यस क्याम्पसका संस्थापक सदस्यहरु र पूर्व अध्यक्षहरू | - | सदस्य |
| झ.८ | प्रमुख जिल्ला अधिकारी, सर्लाही | - | सदस्य |
| झ.९ | एक लाखभन्दा बढी क्याम्पसलाई सहयोग गर्ने दाताहरू सबै | - | सदस्य |
| झ.१० | संचालक समितिका पूर्व अध्यक्षहरू | - | सदस्य |
| झ.११ | सभापति-स्वतन्त्र विद्यार्थी युनियन वा निजको प्रतिनिधि | - | सदस्य |
| झ.१२ | म.ज.मा.वि. हरिवन र च.ज.मा.वि. सुखेपोखरीका अध्यक्ष वा प्रतिनिधि | - | सदस्य |
| झ.१३[९] | वडा अध्यक्ष, हरिवन नगरपालिका वडा नं. १० वा निजको प्रतिनिधि | - | सदस्य |

---

[८] थपिएको (नवौं संशोधन २०७७)

[९] थपिएको (आठौं संशोधन २०७६)

## ८. सदस्यका शर्त र सुविधाहरू :

क) संस्थागत सदस्यको प्रतिनिधि क्याम्पस संचालक समितिमा उम्मेदवार हुन सक्ने छैन ।

ख) मानार्थ सदस्यले मतदानमा भाग लिने छैन ।

ग) संस्थागत, बरिष्ठ र संस्थापक सदस्यलाई क्याम्पसले आयोजना गर्ने सार्वजनिक सभा, समारोह वा क्याम्पस सभामा आमन्त्रित गरी विशेष सम्मान साथ राखिनेछ ।

घ) यो विधान लागु हुनु पुर्व मनोनित गरिएका क्याम्पस सभाका सदस्यहरू मनोनयन पत्रमा उल्लेख भएको अवधिसम्म आवधिक सदस्यको रूपमा रहनेछन् । त्यसपछि उनीहरू सदस्य बन्न चाहेमा पुनः नयाँ सदस्यता नै लिनु पर्नेछ ।

ङ) क्याम्पस सभा आयोजना गर्न संचालक समितिका सवै पदाधिकारीहरू त्यस पटकको सभाका सदस्य हुनेछन् ।

च) मानार्थ सदस्यतालाई क्याम्पस सभा तथा क्याम्पसका हरेक समारोहमा बरिष्ठ व्यक्तित्वको रूपमा अग्र स्थानमा आसन ग्रहण गराईने छ । मानार्थ सदस्यलाई क्याम्पसको संचालक समितिको बैठकमा पनि अतिथिको रूपमा आमन्त्रण गरिनेछ ।

छ) क्याम्पस सभामा भाग लिन कम्तिमा अघिल्लो वर्षको चैत्र मसान्त सम्ममा सभा सदस्य बनिसकेको हुनुपर्नेछ ।

ज) संचालक समितिको सदस्य पदको लागि उम्मेदवार बन्न सदस्यता लिएको मितिदेखि गणना हुने गर्दा १ वर्ष (१२ महिना) पुगेको हुनु पर्नेछ वा चैत्र मसान्त भित्रमा साधारण सदस्यता नविकरण गरेको हुनुपर्नेछ ।

झ)[१०] अध्यक्ष, उपाध्यक्ष वा कोषाध्यक्षको हकमा एक कार्यकाल समिति वा उपसमितिमा रहेर कार्य गरेको आजीवन सदस्य हुनु पर्नेछ ।

ञ) यो परिमार्जित विधान लागु हुनुभन्दा अगाडि बनेको संचालक समिति यसै विधान सम्मत भएको मानिनेछ ।

[१०] परिमार्जन गरिएको (आठौं संशोधन २०७६)

## ९. आवधिक सदस्यको मनोनयन :

क्याम्पस संचालक समितिले बढिमा ३ वर्ष सम्मको लागि देहाय अनुसारका आवधिक सदस्य मनोनयन गर्न सक्नेछ। अवधी समाप्त भएपछि यस्ता सदस्य स्वत: निष्कृय हुनेछन्, नविकरण हुने छैन।

क) जनजाति, दलित, अपाङग र महिला मध्येबाट ३ जना।

ख) शिक्षाविद् कुनैपनि क्षेत्र वा राष्ट्रिय व्यक्तित्व वा क्याम्पसलाई अति आवश्यक पर्ने महसुस भएका व्यक्तित्वहरू मध्ये क्याम्पस संचालक समितिले मनोनयन गरि आवश्यक देखेमा वढीमा ५ जना।

## १०. सदस्यता समाप्ति :

देहायको अवस्थामा सदस्यताको समाप्ति हुनेछ।

क) यस विधान विपरित भई क्याम्पसको हित विरुद्ध काम गरेको प्रमाणित भएमा।

ख) मृत्यु भएमा।

ग) क्याम्पस तथा सरकारी वा गैरसरकारी सार्वजनिक प्रतिष्ठान वा संस्थाहरूको रकम हिनामिना गरी खाई मासेको प्रमाणित भएमा।

घ) अविश्वासको प्रस्ताव क्याम्पस सभावाट पारित भएमा।

ङ) आर्थिक, नैतिक वा फौजदारी अभियोगमा अदालतवाट दोषी प्रमाणित भएमा।

च) नैतिक आचरण पतन भएमा।

छ) मानसिक सन्तुलन गुमाएमा।

ज) क्याम्पसको पेश्की रकम तोकिएको अवधिमा नतिरी कानुनी कार्वाही सुरु भएमा।

झ) सदस्यताबाट राजिनामा दिई स्वीकृत भएमा वा नविकरण नभएमा।

## ११. स्पष्टिकरणको मौका :

क) कुनै पनि सदस्यलाई कार्वाही गर्नुभन्दा पहिला लिखित स्पष्टिकरण दिने मौका प्रदान गर्नु पर्नेछ।

ख) संचालक समितिले मनासिव कारण भएमा क्याम्पस सभावाट अनुमोदनको लागि पेश गर्ने गरी सदस्यलाई कार्वाही गर्न सक्छ।

ग) कार्वाही गर्नु पहिले निश्चित समयमा निलम्वनमा राखी अनुसन्धान गर्न सकिनेछ।

**१२[११]. क्याम्पसको सांगठनिक संरचना :**

यस क्याम्पसको सांगठनिक संरचना अनुसूचि २ अनुसार हुनेछ ।

## परिच्छेद - ३

## क्याम्पस सभा

**१३. क्याम्पस सभा :**

क) व्यापक जनसहभागिता जुटाउन, सामुदायिकीकरणको मर्म अनुसार क्याम्पस सञ्चालन गर्न, लोकतान्त्रिक मूल्य मान्यता अनुरुप अगाडी बढ्न क्याम्पसलाई सक्षम बनाइ सुव्यवस्थित तरिकाले सञ्चालन, सम्बर्धन र संरक्षणका साथै आवश्यक नियन्त्रण, निर्देशन गर्नका निम्ति क्याम्पसको सर्वोच्च अंगको रूपमा क्याम्पस सभा रहनेछ ।

ख) क्याम्पस सभामा सञ्चालक समितिका पदाधिकारी, सदस्य, पूर्वअध्यक्षहरू, पूर्व क्याम्पस प्रमुखहरू, सम्बन्धित क्षेत्रका निर्वाचित सांसद, स्थानीय निकायका प्रतिनिधि, सल्लाहकार सदस्य, संरक्षक, संस्थापक, आजीवन सदस्य, प्राध्यापक, कर्मचारी, विद्यार्थी प्रतिनिधि, पूर्व विद्यार्थी र सहयोगदाताहरू सहभागी हुने गरी क्याम्पसले अनिवार्य रुपमा सभाको व्यवस्था गर्नुपर्ने छ ।

ग) प्रत्येक वर्षको असारमसान्त अगावै क्याम्पस सभा आयोजना हुनेछ ।

घ) क्याम्पस सभामा क्याम्पसका सबै किसिमका सदस्यहरूले भाग लिनेछन् ।

ङ) क्याम्पस सभामा बोलाउँदा सदस्यहरूलाई कम्तीमा १५ दिन अगावै लिखित पत्र र सार्वजनिक सूचना गरी आमन्त्रित गरिनेछ । सूचनामा सभामा छलफल हुने विषयवस्तु उल्लेख गर्नुपर्नेछ ।

---

[११] परिमार्जन गरिएको (आठौं संशोधन २०७६)

**१४. विशेष क्याम्पस सभा :**

क) कुनै महत्वपूर्ण विषयमा छलफल गरी निर्णयमा पुग्न समितिले विशेष क्याम्पस सभा बोलाउन सक्नेछ ।

ख) क्याम्पस सभाका कम्तिमा २५ प्रतिशत सदस्यले विशेष क्याम्पस सभा माग गरेमा १५ दिनभित्र क्याम्पसले विशेष क्याम्पस सभा बोलाउनु पर्नेछ ।

ग) विशेष क्याम्पस सभा बोलाउँदा कम्तिमा ३ दिन पहिले विषयवस्तु खोलिएको सार्वजनिक सूचना गरिनु पर्नेछ ।

घ) विशेष क्याम्पस सभा माग गर्ने पक्षले लिखित रूपमा तोकिएका विषयमा मात्र छलफल हुनेछ ।

ङ) सभा माग गर्ने सदस्यले यथोचित कारण बिना अनुपस्थित भएमा विशेष क्याम्पस सभा संचालन गर्न संचालक समिति बाध्य हुनेछैन ।

**१५. गणपूरक संख्या र अन्य व्यवस्था :**

क) क्याम्पस सभा वा विशेष क्याम्पस सभाको गणपूरक संख्या पहिलो पटक ५१ प्रतिशत दोस्रो पटक ३३ प्रतिशत र तेस्रो पटक उपस्थिति संख्यालाई नै गणपूरक मानिनेछ ।

ख) क्याम्पस सभा तथा विशेष क्याम्पस सभाको सभापतित्व संचालक समितिका अध्यक्षले गर्नेछन् ।

ग) सभामा सर्वसम्मत निर्णयको प्रयास गरिनेछ । सर्वसम्मत नभए बहुमतको निर्णय सबैका लागि मान्य हुनेछ ।

घ) यस क्याम्पसका सल्लाहकार समितिका सदस्य, क्याम्पसमा विद्यार्थी आउने क्षेत्रका माध्यमिक विद्यालय तथा शिक्षाप्रेमीलाई क्याम्पस सभामा पर्यवेक्षकको रूपमा आमन्त्रण गर्न सकिनेछ ।

## १६. क्याम्पस सभाको काम, कर्तव्य र अधिकार

क) अध्यक्ष सहित क्याम्पस संचालक समिति, अनुगमन समिति र लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरू र सदस्यहरूको चयन गर्ने ।

ख) क्याम्पसको शैक्षिक, आर्थिक, भौतिक आदि पक्षको विकासमा मार्गदर्शक भूमिका निर्वाह गर्ने ।

ग) क्याम्पसको विकासमा दीर्घकालीन योजना अनुमोदन गर्ने तथा दीर्घकालीन सोच बनाउने ।

घ) सञ्चालक समितिलाई आवश्यक परामर्श दिने ।

ङ) सञ्चालक समितिद्वारा पेश भएका विनियम अनुमोदन गर्ने ।

च) समितिले पेश गरेको गत वर्षको आय-व्यय र चालु आर्थिक वर्षको अनुमानित बजेट, कार्यक्रम र योजनाबारे छलफल गरी निर्णय दिने ।

छ) लेखा परीक्षण प्रतिवेदन माथि छलफल गरी निर्णय दिने ।

ज) लेखा परीक्षण नियुक्ति र पारिश्रमिक निर्धारणको व्यवस्था गर्ने ।

झ) संचालक समिति वा सदस्यहरूबाट नियमानुसार आएका प्रस्तावहरू माथि छलफल गरी निर्णय दिने ।

ञ) क्याम्पसको विधान संशोधन वा परिमार्जन गर्ने ।

ट) क्याम्पसले गरेका विभिन्न सम्झौताहरूको छलफल गरी निर्णय दिने ।

ठ) नियमावली र निर्देशिकाहरू छलफल गरी स्वीकृत गर्ने ।

ड) क्याम्पसको शैक्षिक र भौतिक विकासमा आवश्यक निर्णय गर्ने ।

ढ) क्याम्पसको शैक्षिक प्रगति, भौतिक सम्पत्ति र समग्र विकास बारे छलफल गरी आवश्यक निर्णय दिने ।

ण) कर्मचारी र प्राध्यापकको दरबन्दीको निर्णय गर्ने ।

त) क्याम्पसको घर जग्गा, जमिन खरिद वा बिक्री गर्नुपर्ने भएमा एवम् क्याम्पसको कुनै भौतिक सम्पत्ति लिलाम गर्नुपर्ने भएमा सोको निर्णय गर्ने ।

थ) विधानअनुसार अन्य आवश्यक काम गर्ने ।

## परिच्छेद - ४

## समितिहरू

**१७. क्याम्पस संचालक समिति, अनुगमन समिति, लेखा सुपरिवेक्षण समिति र उपसमितिमा रहने सबै सदस्यहरू क्याम्पसको सदस्य हुनु पर्नेछ ।**

**१८. क्याम्पस संचालक समिति गठन :**

क)[१२] क्याम्पस संचालक समितिमा बढीमा १९ सदस्यीय रहनेछ । क्याम्पस सभाले आफू मध्येबाट आजीवन सदस्यता प्राप्त १ जना अध्यक्ष, १ जना उपाध्यक्ष र १ जना कोषाध्यक्ष सहित १० जना क्याम्पस संचालक समितिको पदाधिकारी तथा सदस्यहरूको सर्वसहमत वा निर्वाचन प्रणालीबाट चयन गरी मनोनयन गर्नेछ । जसमा कम्तीमा १ महिला सदस्य हुनेछ । अध्यक्षको चयन तथा मनोनयन गरिएको क्याम्पस सभाको निर्णय जानकारी अनुरोध त्रिभुवन विश्वविद्यालय योजना निर्देशनालयमा गरिनेछ । साथै अध्यक्षको योग्यता देहायअनुसार हुनेछ ।

- क्याम्पसको आजीवन सदस्यता प्राप्त गरी कम्तिमा १ कार्यकाल समिति तथा उपसमितिमा बसी कुशलता पूर्वक जिम्मेवारी बहन गरेको ।
- स्नातक वा सो सरह उत्तिर्ण गरेको शैक्षिक योग्यता भएको वा कम्तिमा १५ वर्ष सामाजिक तथा शैक्षिक संघ संस्थामा बसी कुशलता पूर्वक जिम्मेवारी बहन गरेको अनुभवी
- शैक्षिक उन्नयनमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने क्षमता भएको
- समाजिक तथा राजनैतिक सन्तुलन कायम गरी क्याम्पसलाई अग्रगामी दिशा तिर लैजान सक्ने क्षमता भएको
- नैतिक पतन देखिने कुनै पनि फौजदारी अभियोगमा अदालतद्वारा कसुरदार ठर भई सजाय नपाएको
- भ्रष्टाचार तथा आर्थिक हिनामिनामा नमुछिएको

---

[१२] परिमार्जन गरिएको (नवौं संशोधन २०७७)

ख) संचालक समितिमा देहायका थप ९ सदस्यहरू रहनेछन् ।

अ) चतुर्भूजेश्वर जनता बुहुमुखी क्याम्पसका क्याम्पस प्रमुख - १ जना पदेन सदस्य सचिव ।

आ) क्याम्पस संचालक समितिका निःवर्तमान अध्यक्ष - १ जना पदेन सदस्य । तर दोस्रो कार्यकालका लागि पुनः अध्यक्षमा निर्वाचित भए रिक्त हुन आएको पदमा संचालक समितिले एक जना सदस्य मनोनित गर्नेछ ।

इ) प्राध्यापक संघ ईकाइ सभापति वा निजले तोकेको प्रतिनिधि - १ पदेन सदस्य ।

ई) हरिवन नगरपालिका वडा नं. १० का अध्यक्ष - १ पदेन सदस्य ।

उ)[१३] स्वतन्त्र विद्यार्थी युनियनका सभापति वा निजले तोकेको प्रतिनिधि - १ पदेन सदस्य ।

ऊ)[१४] त्रि.वि.ले तोकेको प्रतिनिधि - १ पदेन सदस्य ।

ए)[१५] कर्मचारी युनियनको सभापति वा निजले तोकेको प्रतिनिधि - १ पदेन सदस्य ।

ऐ)[१६] संचालक समितिले शैक्षिक क्षेत्रबाट १ र उद्योग व्यवसाय तथा वित्तिय क्षेत्रबाट १ गरी जम्मा २ जना सदस्य मनोनयन गर्नेछ ।

ग) संचालक समिति र उपसमितिहरूको कार्यकाल ३ वर्षको हुनेछ । समितिको कार्यकाल भित्रै क्याम्पस सभा बोलाउनु पर्नेछ । नयाँ संचालक समिति निर्वाचित भएपछि पुरानो संचालक समिति स्वतः विघटन भएको मानिनेछ ।

घ) विशेष कारणवस क्याम्पस सभा बस्न ढिला भई संचालक समितिको निर्णय भएमा बढीमा ६ महिनासम्म समितिले निर्णय गरी काम गर्न सक्नेछ र सो अवधिमा अनिवार्य रूपमा क्याम्पस सभा बोलाई नयाँ नेतृत्व चयन गर्नुपर्नेछ ।

---

[१३] परिमार्जन गरिएको (नवौं संशोधन २०७७)

[१४] परिमार्जन गरिएको (नवौं संशोधन २०७७)

[१५] परिमार्जन गरिएको (नवौं संशोधन २०७७)

[१६] परिमार्जन गरिएको (नवौं संशोधन २०७७)

**१९. गणपुरक संख्या :**

संचालक समिति र अन्य उप-समितिहरूको बैठकको गणपूरक संख्या ५१ प्रतिशत हुनेछ ।

**२०. संचालक समितिको बैठक :**

क) साधारण अवस्थामा कम्तीमा २ महिनामा एकपटक संचालक समितिको बैठक अध्यक्षको निर्देशनमा सदस्य सचिवले बोलाउने छन् । तर विशेषः अवस्थामा आवश्यकताअनुसार बैठक बोलाउन सकिनेछ ।

ख) कार्य समितिका एक तिहाई सदस्यले बैठक बोलाउन लिखित माग गरेमा निवेदन प्राप्त भएको मितिले ७ दिनभित्र संचालक समितिको बैठक अध्यक्ष वा क्याम्पस प्रमुखले अनिवार्य रूपमा बोलाउनु पर्नेछ । त्यसरी बैठक नबोलाइएमा कार्यसमितिका दुई तिहाई सदस्य भेलाभई जेष्ठ सदस्यको सभापतित्वमा बैठक गरी निर्णय गरेमा कार्य समितिले निर्णय गरेको मानिनेछ ।

ग) संचालक समितिको बैठकको अध्यक्षता अध्यक्षले, अध्यक्ष नभए उपाध्यक्षले र उपाध्यक्ष पनि नभए जेष्ठ सदस्यले गर्नेछन् ।

**२१. सञ्चालक समितिको काम, कर्तव्य र अधिकार :**

क) सम्बन्धन दिने विश्वविद्यालय, विश्वविद्यालय अनुदान आयोग र नेपाल सरकार तथा सामुदायिक क्याम्पस संघको निर्देशन पालना गर्ने ।

ख) क्याम्पस प्रमुखको नियुक्ति गर्ने र पदपुर्ति समिति मार्फत् सिफारिस भइ आएका प्राध्यापक-कर्मचारीहरूको स्तर निर्धारण गर्ने तथा स्थायी/अस्थायी नियुक्ति दिने ।

ग) क्याम्पसको व्यवस्थापन र सञ्चालनको सम्पूर्ण कर्तव्य र अधिकार बहन गर्ने ।

घ) क्याम्पसको नियमित निरीक्षण गर्नुका साथै स्तरीय शैक्षिक वातावरण तयार गर्ने ।

ङ) क्याम्पस सभाको निर्णय कार्यान्वयन गर्ने गराउने ।

च) क्याम्पस सभामा प्रस्तुत गरिने कार्यक्रम, आय-व्ययको विवरण, प्रगति विवरण, लेखापरीक्षण र अन्य प्रस्तावहरू क्याम्पस सभामा प्रस्तुत गर्ने ।

छ) क्याम्पसको सम्पूर्ण कोष, चल अचल सम्पतिको व्यवस्था तथा संरक्षण गर्ने ।

ज) प्राध्यापकहरू तथा कर्मचारीहरूलाई पुरस्कृत गर्ने र नसिहत दिने ।

झ) यस नियमको सीमाभित्र रही क्याम्पस सञ्चालनका निम्ति आवश्यक नीति निर्धारण गर्ने, विनियम बनाउने र कार्यान्वयन गर्ने गराउने ।

ञ) आफुमा निहित अधिकारहरूमध्ये नियमित रूपमा क्याम्पसको शैक्षिक तथा प्रशासनिक कार्य सञ्चालनको लागि आवश्यक अधिकार उपसमिति, सेवा आयोग र क्याम्पस प्रमुखलाई प्रत्यायोजन गर्ने ।

ट) हरेक ३ महिनाको आर्थिक प्रतिवेदन लेखा उपसमितिबाट पेश गर्न लगाई पारदर्शिता कायम गर्ने ।

ठ) वार्षिक १ पटक क्याम्पसको सार्वजनिक लेखा परीक्षण गर्ने गराउने ।

ड) संचालक समितिमा रिक्त सदस्य भए क्याम्पस सभाबाट अनुमोदन गर्ने गरी पदपूर्ति गर्ने ।

ढ) क्याम्पस सभाबाट अनुमोदित दरबन्दीको आधारमा प्राध्यापक वा कर्मचारीलाई खुल्ला प्रतिस्पर्धाबाट छनौट गरी नियुक्तिको व्यवस्था मिलाउने ।

ण) क्याम्पसको आर्थिक, भौतिक प्रशासनिक शैक्षिक गुणस्तर र अन्य व्यवस्थापन पक्षको सुधारको लागि चिन्तन गर्ने, योजना बनाउने र समिति र क्याम्पस सभामा पेश गर्ने ।

त) शैक्षिक प्रतिष्ठान, दातृ संस्था तथा सरकारी गैरसरकारी निकायहरूसँग सम्पर्क स्थापित गरी क्याम्पसको हितमा सदुपयोग गर्ने ।

थ) क्याम्पसको प्रमुख कार्यकारिणी अंगको रूपमा काम गर्ने ।

द) क्याम्पसलाई आवश्यक भएको बेला उपसमिति, अध्ययनरत कार्यदल, निर्माण वा उपभोक्ता समिति वा प्रतिनिधि मण्डल निर्माण गरी उनीहरूको काम, कर्तव्य र अधिकार तोक्ने ।

ध) संचालक समितिका सदस्यहरूलाई कामको जिम्मेवारीहरू प्रदान गर्ने ।

न) क्याम्पसको वार्षिकोत्सव, क्याम्पस सभा र विधानअनुसारका एवम् अन्य समारोहको आयोजना र व्यवस्था गर्ने ।

प) क्याम्पस सभाको स्वीकृति लिएर क्याम्पसको हितमा हुने भएका चलअचल सम्पत्ति बिक्री र खरिद गर्न ठेक्का बन्दोबस्त र टेण्डर आव्हान लगायतका काम गर्ने ।

फ) क्याम्पस सभाबाट अनुमोदन गर्ने गरी विधानको व्यवस्था गर्ने ।

ब) संचालक समिति वा कुनै समिति वा उपसमितिका सदस्यले राजिनामा दिएमा क्याम्पसले लिनुपर्ने हरहिसाब वा कागजात लिई क्याम्पसलाई अहित नहुने भए राजिनामा स्वीकृत गर्ने ।

भ) क्याम्पसको नगद, जिन्सी वा भौतिक सम्पत्ति वा समितिका सदस्य, प्राध्यापक, कर्मचारी वा अन्य व्यक्तिले हिनामिना गरे असुलउपर गर्ने ।

म) विधानबमोजिम अन्य काम गर्ने ।

**२२. सञ्चालक समितिको बैठक र कार्यविधि :**

क) क्याम्पस सञ्चालक समितिको बैठक कम्तिमा २ महिनामा एकपटक बस्नेछ तर आवश्यक परेमा जुनसुकै समयमा पनि बैठक बस्न सक्नेछ ।

ख) सदस्य सचिवले अध्यक्षको अनुमति लिइ सामान्यतः ३ दिनको पूर्व सूचना दिई बैठक बोलाउनेछन् तर विशेष परिस्थितिमा सो अवधि कम पनि हुन सक्नेछ ।

ग) बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछन् । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र दुवैको अनुपस्थितिमा उपस्थित जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछन् ।

घ) समितिको बैठकमा छलफल भएका विषय र निर्णय स्पष्ट रुपमा निर्णय पुस्तिकामा लेखी उपस्थित सदस्यहरूको हस्ताक्षर गराई राख्नु पर्नेछ ।

ङ) कुल सदस्यको ५१ प्रतिशत सदस्यहरू उपस्थित भएमा बैठकको गणपुरक संख्या पुगेको मानिनेछ र बैठकको निर्णय साधारणतया सर्वसहमतबाट गरीने छ सो नभएमा वहुमतद्वारा गरिनेछ । मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछन् ।

च) नियमित बैठक नबोलाएमा वा हुन नसकेमा सञ्चालक समितिका सम्पूर्ण सदस्य संख्याको ५१ प्रतिशत सदस्यहरूले लिखित रुपमा बैठक माग गरेमा अध्यक्षले सो माग गरेको ७ दिनभित्र बैठक बोलाउनु पर्नेछ र सो समयभित्र पनि बैठक नबोलाएमा सदस्य सचिवले बैठक बोलाउनेछन् ।

**२३. अध्यक्षको काम, कर्तव्य र अधिकार :**

क) सञ्चालक समितिको बैठकको अध्यक्षता गर्ने र मत बराबर भएमा निर्णायक मत दिने ।

ख) सञ्चालक समितिको बैठक बोलाउन सदस्य सचिवलाई आदेश दिने ।

ग) क्याम्पस सञ्चालक समिति र सभाद्वारा गरिएका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने ।

घ) क्याम्पस प्रमुखको लगातार ७ दिनभन्दा बढीको काज एवम् विदा स्वीकृत गर्ने ।

ङ) यस विधानभित्र रही क्याम्पसको हितका लागि अन्य कार्य गर्ने ।

च)	क्याम्पस व्यवस्थापन र सञ्चालनको लागि क्याम्पस प्रमुखलाई आवश्यक निर्देशन दिने ।

छ)	संचालक समितिका अध्यक्ष क्याम्पस सभाका प्रमुख व्यक्ति मानिनेछन् ।

ज)	क्याम्पसको आर्थिक व्यवस्था, पठनपाठन, दैनिक प्रशासन, प्राध्यापक, कर्मचारी एवम् विद्यार्थीको अनुशासन, विद्यालयको भौतिक सम्पत्ति, बहुमुल्य कागजातहरूको अनुगमनलगायतका काममा अध्यक्षले निगरानी राख्नु पर्दछ ।

झ)	आवश्यक परेमा संचालक समितिबाट अनुमोदन गराउने गरी प्राध्यापक, कर्मचारी वा सभासद्लाई स्पष्टीकरण लिने वा सचेत गराउने अधिकार अध्यक्षमा रहनेछ ।

ञ)	क्याम्पसको प्रतिनिधत्व गर्दै विभिन्न सभा, समारोह वा प्रतिनिधि मण्डलमा संलग्न भएर जाने ।

ट)	क्याम्पसको आर्थिक, भौतिक प्रशासनिक शैक्षिक गुणस्तर र अन्य व्यवस्थापन पक्षको सुधारको लागि चिन्तन गर्ने, योजना बनाउने र समिति र क्याम्पस सभामा पेश गर्ने ।

ठ)	शैक्षिक प्रतिष्ठान, दातृ संस्था तथा सरकारी गैरसरकारी निकायहरूसँग सम्पर्क स्थापित गरी क्याम्पसको हितमा सदुपयोग गर्ने ।

ड)	संचालक समितिको बैठक नभएको बेला आकस्मिक कामहरू गर्नु परेमा पछि अनुमोदन गराउने गरी कार्य गर्न निर्देशन दिने ।

ढ)	नियमित सम्पर्कमा रही क्याम्पस प्रमुखको विदा स्वीकृति, क्याम्पस संचालन, व्यवस्थापनका कामहरूमा सहयोग एवम् अनुगमन गर्ने ।

ण)	संचालक समिति वा आवश्यक परे उपसमितिहरूको बैठक बोलाउन सदस्य सचिवलाई निर्देशन दिने ।

त)	विधानअनुसार अन्य आवश्यक काम गर्ने ।

**२४.	उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**

क)	अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने ।

ख)	अध्यक्षको काममा सहयोग पुऱ्याउने ।

ग)	अध्यक्ष र सञ्चालक समितिले उपाध्यक्षले गर्ने भनी तोकिएका कार्यहरू गर्ने ।

## २५. कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :

कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

क) क्याम्पसको कोषको जवाफदेही हुने ।

ख) कोषको रकम वृद्धि गर्नमा प्रयास गर्ने ।

ग) हिसाब किताब दुरुस्त व्यवस्थापन गराउने ।

घ) समयमै लेखापरीक्षण गराई प्रतिवेदन क्याम्पस सभामा पेश गर्ने ।

ङ) क्याम्पस कोषको रेखदेख, संरक्षण र सम्बर्द्धन गर्ने गराउने ।

## २६. सदस्य सचिवको काम, कर्तव्य र अधिकार :

क) अध्यक्ष र सञ्चालक समितिको आदेश अनुसार निर्णय सूची तयार गर्ने ।

ख) वार्षिक कार्यक्रम र अर्धवार्षिक प्रगति तयार पारी सञ्चालक समितिमा पेश गर्ने ।

ग) बैठकको निर्णय पुस्तिका राख्ने र निर्णयहरूको कार्यन्वयन गर्ने ।

## २७. सदस्यहरूको काम, कर्तव्य र अधिकार :

क) क्याम्पसको हितको निमित्त रचनात्मक धारणा राखी तदनुसार सुझावहरू दिने ।

ख) क्याम्पस सभा र सञ्चालक समितिमा भएका निर्णयहरूको कार्यन्वयन गर्ने गराउने ।

ग) अध्यक्ष र सञ्चालक समितिले तोकेको अन्य कार्य गर्ने ।

घ) सञ्चालक समितिको बैठकका विषयहरूमा सक्रिय एवं रचनात्मकतवरले सहभागिहुने ।

## २८. पद रिक्तता :

सञ्चालक समितिका पदाधिकारी तथा सदस्यहरूको पद देहायको अवस्थामा रिक्त हुनेछ :

क) आफ्नो पदबाट लिखित राजिनामा दिई सञ्चालक समितिबाट स्वीकृत भएमा ।

ख) क्याम्पसको हित विपरीत कार्य गरेको प्रमाणित भएमा ।

ग) समितिको बैठकमा लगातार ३ पटकसम्म मनासिव कारण बाहेक विना सूचना अनुपस्थित रहेमा ।

घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएमा ।

ङ) पदावधि पुरा भएमा ।

च)	सदस्य/पदाधिकारीको मृत्यु भएमा ।

छ)	अविश्वासको प्रस्ताव दर्ता भई दुई तिहाई क्याम्पस सभाका सदस्यले पारित गरेमा । अविश्वासको प्रस्ताव दर्ता गर्न एक तिहाई क्याम्पस सभाका सदस्यले हस्ताक्षर गरेको हुनु पर्नेछ ।

## २९. राजिनामा/नेतृत्व :

क)	संचालक समितिका अध्यक्षले राजिनामा दिनु पर्दा संचालक समितिलाई सम्बोधन गर्नुपर्नेछ ।

ख)	समितिका अन्य सदस्यहरू तथा क्याम्पस प्रमुखले अध्यक्षलाई सम्बोधन गरी राजिनामा दिन सक्नेछन् ।

ग)	अध्यक्षको राजिनमा स्विकृत भई पद रिक्त भएमा कार्य बाहक अध्यक्ष भई उपाध्यक्षले समितिको नेतृत्व गर्नेछन् ।

घ)	कार्यबाहक अध्यक्षले पनि बाँकी अवधि पुरा नगरी पदबाट बाहिरीएमा संचालक समितिमा रहेका जेष्ठ सदस्यले बाँकी कार्यकालको नेतृत्व गर्नेछन् ।

## ३०. अनुगमन समिति :

क)	क्याम्पस सभाले एक संयोजक सहित बढीमा ५ सदस्यीय अनुगमन समिति गठन गर्नेछ ।

ख)	अनुगमन समितिमा महिला सदस्य १ हुनेछ ।

ग)	यो समितिको कार्यकाल ३ वर्षको हुनेछ ।

घ)	कम्तीमा ६ महिनामा एकपटक यस समितिको बैठक संयोजकको निर्देशनमा क्याम्पस प्रमुखले बोलाउनु पर्नेछ ।

## ३०.१ अनुगमन समितिको काम, कर्तव्य र अधिकार :

क) अनुगमन समिति क्याम्पस सभाप्रति उत्तरदायी हुनेछ । यो समिति क्याम्पसको सम्पूर्ण पक्षको निरिक्षण, अनुगमन र मूल्याङ्कन गर्ने प्रमुख निकायको रूपमा रहनेछ ।

ख) यस समितिले आवश्यक देखेमा क्याम्पस संचालक समिति, क्याम्पस प्रशासन र अन्य उपसमितिहरूलाई सल्लाह सुझाव दिने र सचेत गराउन सक्नेछ ।

ग) क्याम्पसको आर्थिक प्रशासनिक वा अन्य कुनै क्याम्पसलाई हित नहुने काम हुन लागेमा त्यसबारे संचालक समितिलाई जानकारी गराउनेछ ।

घ) क्याम्पसको शैक्षिक, प्रशासनिक र भौतिक अवस्थाबारे मूल्याङ्कन गरी संचालक समितिलाई प्रतिवेदन बुझाउन सक्नेछ ।

ङ) क्याम्पसको हितमा अन्य आवश्यक काम गर्नेछ ।

च) समितिले वार्षिक क्याम्पस सभामा आफ्नो प्रतिवेदन पेश गर्नुपर्नेछ ।

## ३१. लेखा सुपरीवेक्षण समिति :

क्याम्पस सभाले एक संयोजक सहित बढीमा ३ सदस्यीय लेखा सुपरीवेक्षण समिति गठन गर्नेछ ।

क) यसको कार्यकाल तीन वर्षको हुनेछ ।

ख) आवश्यकता बमोजिम संयोजकको निर्देशनमा क्याम्पस प्रमुखले यस समितिको बैठक बोलाउने छन् ।

## ३१.१ लेखा सुपरीवेक्षण समितिको काम, कर्तव्य र अधिकार :

क) लेखा सुपरीवेक्षण समिति क्याम्पस सभाप्रति उत्तरदायी हुनेछ ।

ख) यो समिति क्याम्पसको आर्थिक पक्षको निरिक्षण, अनुगमन र मूल्याङ्कन गर्ने प्रमुख निकाय रहनेछ ।

ग) यस समितिले आवश्यक देखेमा क्याम्पस संचालक समिति, क्याम्पस प्रशासन र लेखा उपसमितिलाई सल्लाह सुझाव दिने र सचेत गराउन सक्नेछ ।

ङ) आगामी आ.व.को निमित्त आवश्यक पर्ने बजेट नीति तथा कार्यहरु निर्माण गरी क्याम्पस संचालक समितिसंग छलफल तथा अनुमोदन पछि क्याम्पस सभामा लेखा व्यवस्थापन उप-समिति मार्फत पेश गर्ने ।

च) क्याम्पसको आर्थिक प्रशासनिक वा अन्य कुनै क्याम्पसलाई हित नहुने काम हुन लागेमा त्यसबारे संचालक समितिलाई जानकारी गराउनेछ ।

छ) क्याम्पसको हितमा अन्य आवश्यक काम गर्नेछ ।

ज) समितिले क्याम्पस सभामा आफ्नो प्रतिवेदन पेश गर्नुपर्नेछ ।

झ) क्याम्पसको आयस्रोत वृद्धि गर्नको निमित्त निरन्तर लागि पर्ने ।

## ३२. संरक्षण समिति :

देहायबमोजिम सदस्य रहेको संरक्षण समिति रहनेछ ।

| | | |
|---|---|---|
| अ) | सर्लाहीको क्षेत्र नं. ३ बाट निर्वाचित सांसद | - संयोजक |
| आ) | सर्लाहीको क्षेत्र नं. ३(क) बाट निर्वाचित सांसद | - सदस्य |
| इ) | हरिवन नगरपालिका कार्यालय | - सदस्य |
| ई) | संस्थापक सदस्यहरू | - सदस्य |
| उ) | प्रमुख जिल्ला अधिकारी, सर्लाही | - सदस्य |
| ऊ) | एक लाखभन्दा बढी क्याम्पसलाई सहयोग गर्ने दाताहरू सबै | - सदस्यइ |
| ए) | संचालक समितिका पूर्व अध्यक्षहरू | - सदस्य |
| ऐ) | महादेव जनता माध्यमिक विद्यालयका अध्यक्ष | - सदस्य |
| ओ) | चतुर्भूजेश्वर जनता माध्यमिक विद्यालयका अध्यक्ष | - सदस्य |

## ३३. संरक्षण समितिको काम, कर्तव्य र अधिकार :

क) संरक्षण समितिका पदाधिकारीले क्याम्पसको अवलोकन र निरीक्षण गरी कार्यसमितिलाई समयसमयमा सुझाव दिन सक्नेछ तथा क्याम्पस सभामा प्रतिवेदन आवश्यक परे प्रतिवेदन पेस गर्नेछ ।

ख) क्याम्पस सामान्य रूपमा संचालन भएको अवस्थामा यो समितिले क्याम्पसमा कुनै हस्तक्षेप वा काम कार्वाहीमा चासो राख्न आवश्यक सम्झने छैन ।

ग) लामो समयदेखि क्याम्पसको संरचना अव्यवस्थित भई क्याम्पसमा असाधारण परिस्थिति सृजना भएको र क्याम्पसलाई पूनः सुचारु गर्न यस समितिले आवश्यक पहल र संचालक समितिलाई सचेत गर्नेछ ।

घ) त्यस्तो पहलबाट समाधान नभए क्याम्पसको विशेष क्याम्पस सभा बोलाउन सक्नेछ, विशेष क्याम्पस सभाले विधानबमोजिम आवश्यक निर्णय लिनेछ ।

ङ) संरक्षण समितिको संयोजक र सदस्य सचिवले संयुक्त हस्ताक्षर गरी संरक्षण समितिको बैठक बोलाउने छन् । सार्वजनिक सूचना समेत गरी बोलाईएको बैठकमा संयोजक र सदस्य सचिव सहित ७ जनाभन्दा बढी सदस्य उपस्थिति भएपछि कोरम पुगेको मानिनेछ ।

## परिच्छेद - ५

## उप-समिति

**३४[१७]. निर्माण तथा खरिद उप-समिति :**

क्याम्पसमा नियमित रूपमा भईरहने निर्माण तथा खरिद कार्यहरू संचालन गर्न संचालक समितिको कुनै एक सदस्य संयोजक रहने गरी तपशिलअनुसार ७ सदस्यीय निर्माण तथा खरिद उप-समिति गठन गरिनेछ । जसमा ३३% महिला सदस्यहरूको सहभागिता रहनेछ । यस समितिको गठन निम्नअनुसार हुनेछ ।

(क) संयोजक - क्या.स.स. को सदस्य

(ख) सदस्य सचिव - क्याम्पस प्रमुख

(ग) सदस्य - लेखापाल

(घ) मनोनयन - ४ जना सदस्य

यस उपसमितिका काम, कर्तव्य र अधिकार यसै विधानको दफा ४३ अनुसार हुनेछ ।

[१७] एकिकृत गरिएको (आठौं संशोधन २०७६)

## ३५. छनौट तथा पदपूर्ति उप-समिति :

क्याम्पस संचालक समितिको सदस्य मध्येबाट प्राज्ञिक क्षमताको आधारमा एक संयोजक रहने गरी ५ सदस्यीय छनौट तथा पदपूर्ति उपसमिति गठन गरिनेछ । जसमा देहायका सदस्यहरू रहनेछन् ।

| | | | |
|---|---|---|---|
| क) | क्याम्पस संचालक समितिले तोकेको संचालक समितिको सदस्य १ जना | - | संयोजक |
| ख) | प्राध्यापक संघ ईकाइ सभापति | - | सदस्य |
| ग) | संचालक समिति महिला सदस्य | - | सदस्य |
| घ) | शैक्षिक समन्वय संयोजक | - | सदस्य |
| ङ) | क्याम्पस प्रमुख १ जना | - | सदस्य सचिव |

यस उपसमितिको काम, कर्तव्य र अधिकार यसै विधानको दफा ४४ अनुसार हुनेछ ।

## ३६[१८]. लेखा व्यवस्थापन उप-समिति :

क्याम्पसको आर्थिक अनुशासनलाई कायम राख्दै व्यवस्थित एवम् पारदर्शी ढंगबाट आर्थिक तथा लेखा व्यवस्था गर्न संचालक समितिको कोषाध्यक्षको संयोजकत्वमा देहाय अनुसारका सदस्यहरू रहने गरी एक आर्थिक/लेखा व्यवस्थापन उप-समिति गठन गरिनेछ ।

| | | | |
|---|---|---|---|
| क) | संचालक समितिका कोषाध्यक्ष | - | संयोजक |
| ख) | क्याम्पस प्रमुख | - | सदस्य |
| ग) | लेखा शाखा प्रमुख | - | सदस्य |
| घ) | संचालक समितिका सदस्यहरू मध्येबाट २ जना | - | सदस्य |

यस उपसमितिको काम, कर्तव्य र अधिकार यसै विधानको दफा ४५ अनुसार हुनेछ ।

## ३७[१९].

[१८] परिमार्जन गरिएको (आठौं संशोधन २०७६)

[१९] दफा नं. ३७ खरिद उप समिति : यस दफालाई निर्माण उप समितिमा एकिकृत गरिएको (आठौं संशोधन २०७६)

## ३८. शौक्षिक समन्वय उप-समिति :

क्याम्पसको शैक्षिक गुणस्तर तथा पठनपाठनमा रहने समस्याहरू बारे समन्वय गरी निराकरण गर्न, क्याम्पसको पठनपाठन कार्यलाई प्रभावकारी ढंगबाट संचालन गर्न समय सापेक्ष विषय तथा कार्यक्रमहरू थप गर्न शैक्षिक स्तर वृद्धिका कार्यक्रमहरू व्यवस्थित रूपमा संचालन गर्ने सन्दर्भमा संचालक समितिलाई सिफारिस गर्न उच्च शिक्षा प्राप्त संचालक समितिका सदस्य वा क्याम्पस सभा सदस्यको संयोजकत्वमा ७ सदस्यीय शैक्षिक समन्वय उपसमिति देहायअनुसार गठन गरिनेछ ।

| | | | |
|---|---|---|---|
| क) | उच्च शिक्षा प्राप्त संचालक समितिका पदाधिकारी वा क्याम्पस सदस्य | - | संयोजक |
| ख) | क्याम्पस प्रमुख | - | सदस्य |
| ग) | प्राध्यापक ईकाइ संघको सभापति वा प्रतिनिधि | - | सदस्य |
| घ) | संकाय प्रमुखहरू | - | सदस्य ३ जना |
| ङ) | स्व.वि.यु. सभापति वा प्रतिनिधि | - | सदस्य |

यस उपसमितिको काम, कर्तव्य र अधिकार यसै विधानको दफा ४८ अनुसार हुनेछ ।

## ३९. छात्रवृत्ति/प्रोत्साहन उप-समिति :

क्याम्पसले आन्तरिक स्रोत तथा विभिन्न दाताहरूबाट प्राप्त रकम क्याम्पसमा अध्ययनरत जेहेन्दार, दलित, महिला, जनज़ाति, आदिवासीलाई अध्ययनतर्फ आकर्षित गर्न नियमअनुसार छात्रवृत्ति प्रदान गर्नेछ । छात्रवृत्ति वितरण कार्यलाई पारदर्शिता बनाउनको निमित्त संचालक समितिको कोषाध्यक्ष संयोजकत्वमा ७ सदस्यीय छात्रवृत्ति तथा प्रोत्साहन उपसमिति गठन गरिनेछ ।

| | | | |
|---|---|---|---|
| क) | लेखा उपसमितिको संयोजक | - | संयोजक |
| ख) | लेखा प्रमुख | - | सदस्य |
| ग) | स्व.वि.यु. सभापति | - | सदस्य |
| घ) | संकाय प्रमुखहरू | - | सदस्य ३ जना |
| ङ) | क्याम्पस प्रमुख | - | सदस्य सचिव |

यस उपसमितिको काम, कर्तव्य र अधिकार यसै विधानको दफा ४९ अनुसार हुनेछ ।

४०[२०].

## ४१. सल्लाहकार उप-समिति :

क्याम्पस संचालक समितिले देहायको प्रतिनिधित्व अनिवार्य रहने गरी विभिन्न क्षेत्रबाट एक संयोजक सहित ११ सदस्यीय सल्लाहकार उप-समिति चयन गर्नेछ। देहायका व्यक्तिहरू यस समितिका सदस्य हुनेछन् ।

क) क्याम्पस संचालक समितिका पूर्व अध्यक्षहरू ।

ख) क्याम्पसका संस्थापक सदस्यहरू ।

ग) क्याम्पस दाता/सहयोगीहरू ।

घ) शिक्षाप्रेमी, समाजसेवी र नागरिक समाजका सदस्यहरू ।

सल्लाहकार उप-समितिले समयसमयमा बैठक गरी क्याम्पसलाई सल्लाह, सुझाव दिने र निरिक्षण गरी सहयोग पुऱ्याउने छन् ।

## ४२. पुस्तकालय व्यवस्थापन उपसमिति :

क्याम्पसको पुस्तकालयलाई समय सापेक्ष रूपमा व्यवस्थित गर्दै प्रविधी मैत्री बनाउदैं लैजान देहायअनुसार ५ सदस्यीय पुस्तकालय व्यवस्थापन उपसमिति गठन गरिनेछ ।

| | | | | |
|---|---|---|---|---|
| क) | संचालक समितिको सदस्य | - | संयोजक | १ |
| ख | क्याम्पस प्रमुख | - | सदस्य | १ |
| ग) | स्व.वि.यु. सभापति वा निजको प्रतिनिधि | - | सदस्य | १ |
| घ) | पुस्तकालय सेलको संयोजक (प्राध्यापक) | - | सदस्य | १ |
| ङ) | पुस्तकालय प्रमुख | - | सदस्य सचिव | १ |

यस उपसमितिको काम, कर्तव्य र अधिकार यसै विधानको दफा ५० अनुसार हुनेछ ।

[२०] दफा नं. ४० प्रशासन उप समिति : यस दफालाई खारेजी गरिएको (आठौं संशोधन २०७६)

## ४३. निर्माण तथा खरिद उप-समितिको काम, कर्तव्य र अधिकार :

क) तोकिएको समयभित्र नै लगत इष्टिमेट अनुसारको काम प्रभावकारी रूपमा सम्पन्न गर्ने ।

ख) कार्य सम्पन्न भएको सात दिनभित्र यर्थाय खर्चको विवरण बील भपाई सहित संचालक समितिमा पेश गरी अनुमोदन गराउने ।

ग) खुल्ला प्रतिस्पर्धाको आधारमा कोटेशन गरी निर्माण सामग्री खरिद गर्ने ।

घ) निर्माण तथा मर्मत सम्बन्धि संचालक समितिले निर्देशनअनुसारको कार्य गर्ने ।

ङ) खरिद गर्नुपर्ने आवश्यक समाग्रीहरूको सुची निर्माण गरी खरिद आदेशको निमित्त संचालन समितिमा पेश गर्ने ।

च) खरिद नियमावली अनुसार क्याम्पसको लागि आवश्यक पर्ने समानहरू प्रकृया अनुसार खरिद गर्ने ।

छ) खरिद गरिएका समानहरू संचालक समितिको बैठकमा अनुमोदनको लागि पेस गर्ने ।

## ४४. छनौट तथा पदपूर्ति उप-समितिको काम, कर्तव्य र अधिकार :

क) शिक्षक तथा कर्मचारीहरूको नियुक्ती तथा बढुवाका लागि परीक्षाको किसिम तोक्ने (लिखित, मौखिक वा दुवै वा कक्षा अवलोकन) र परीक्षा संचालन गर्ने ।

ख) शिक्षक तथा कर्मचारीहरूको अस्थायी, स्थायी नियुक्ती तथा बढुवाका लागि संचालक समितिमा सिफारिस गर्ने ।

ग) खुल्ला रुपमा सूचना निकाली छनौट तथा पदपुर्ति गर्नुपर्ने अवस्थामा विज्ञ नियुक्ती गर्ने ।

घ) शिक्षक तथा कर्मचारीहरू सम्बन्धी उजुरी गुनासाहरू उपर छानबिन गरी निर्णय लिने र दण्ड वा पुरस्कार वा आवश्यक कार्वाहीको लागि संचालक समितिमा सिफारिस गर्ने ।

ङ) यस समितिले गरेका कार्यहरूको अनुमोदनका लागि क्याम्पस संचालक समितिमा पेश गर्ने ।

च) क्याम्पसको हीतमा आवश्यक अन्य कामहरू गर्ने ।

## ४५. लेखा व्यवस्थापन उप-समितिको काम, कर्तव्य र अधिकार :

क) समयमै आ.ले.प. गर्ने ।

ख) क्याम्पसको आयव्ययको प्रभावकारी रूपमा निरिक्षण गरिरहने ।

ग) हरेक वर्ष क्याम्पस सभामा आगामी आ.व.को अनुमानित बजेट पेश गर्ने ।

घ) शिक्षक तथा कर्मचारीहलाई दिइने भत्ताको निर्णयगरी अनुमोदनको लागि संचालक समितिको बैठकमा पेश गर्ने ।

ङ) विद्यार्थीहरूको विविध शुल्कको बारेमा सिफारिस सहित समितिको बैठकमा पेश गर्ने ।

च) लेखा व्यवस्थापनसँग सम्बन्धित अन्य कार्यहरू गर्ने ।

## ४६[२१].

## ४७. छात्रवृत्ति/प्रोत्साहन उप-समितिको काम, कर्तव्य र अधिकार :

क) क्याम्पस संचालक समितिले बजेटमा प्रस्तुत गरेको रकमको परिधिभित्र रही निष्पक्ष ढंगबाट छात्रवृत्ति वितरण गर्ने ।

ख) छात्रवृत्ति/प्रोत्साहनको निमित्त विद्यार्थी छनौट गर्ने ।

ग) वितरित छात्रवृत्ति संचालक समिति समक्ष अनुमोदन गराउने ।

घ) छात्रवृत्तिसम्बन्धी संचालक समितिले दिएको निर्देशन पालन गर्ने ।

ङ) प्राध्यापक कर्मचारीहरूलाई प्रोत्साहनको निमित्त छनौट गर्ने ।

च) छात्रवृत्ति तथा प्रोत्साहनका आधारहरू निर्धारण गर्ने ।

## ४८. शैक्षिक समन्वय उप-समितिको काम, कर्तव्य र अधिकार :

क) क्याम्पसको शैक्षिक वातावरणलाई चुस्त तथा दुरुस्त राख्ने ।

ख) क्याम्पसको शैक्षिक वतावरण सुधार गर्नको निमित्त आवश्यक पर्ने सुझावहरू संचालक समितिलाई दिने ।

---

[२१] दफा नं. ४६ खरिद उप समितिको काम, कर्तव्य र अधिकार : यस दफालाई निर्माण उप समितिको काम, कर्तव्य र अधिकारमा एकिकृत गरिएको (आठौं संशोधन २०७६)

ग) समय सापेक्ष तथा जनभावना अनुसारका विषयहरू सम्बन्ध लिदै कक्षा सुचारु गर्न गराउन संचालक समितिलाई सुझाव दिने ।

घ) शिक्षकहरूको क्षमता अभिवृद्धिको लागि तालिम, गोष्ठी, सेमिनार आयोजनाको निमित्त संचालक समितिलाई सिफारिस गर्ने ।

ङ) क्षमता अभिवृद्धिको निमित्त शिक्षकहरूलाई अभिप्रेरित गरिरहने ।

च) शिक्षक तथा विद्यार्थीहरूसँग नियमित समन्वय गरी अध्ययन अध्यापन कार्यमा आएका बाधा अड्चनहरू पहिचान गरी समाधान गर्ने ।

छ) संचालक समितिबाट हस्तानतरित अन्य काम, कर्तव्य तथा अधिकारलाई पालन गर्ने ।

ज) क्याम्पसको पठनपाठन कार्यमा आइपर्ने अप्ठयाराहरूलाई शिक्षकहरूसँग समन्वय गरी निकासको लागि संचालक समितिमा पेश गर्ने ।

झ) समग्र शैक्षिक वातावरणलाई नियमित गर्ने ।

ञ) क्याम्पसको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न क्रियाशिल रहने ।

ट) उच्च शिक्षा अध्ययन गर्न चाहने शिक्षकहरूलाई सम्भव भएसम्म नियमअनुसार तलबी विदा दिन संचालक समितिलाई सिफारिस गर्ने ।

<u>४९[२२].</u>

## <u>५०. पुस्तकालय व्यवस्थापन उपसमितिको काम, कर्तव्य र अधिकार :</u>

क) पुस्तकालयलाई समयसापेक्ष बनाउन टेवा पुऱ्याउने ।

ख) पुस्तकालयमा पुस्तकको लगत दुरुस्त राख्ने ।

ग) हरेक शैक्षिक सत्रमा आवश्यक पुस्तक खरिदको निमित्त संचालक समितिलाई जानकारी गराउने ।

घ) टेष्ट बुक तथा सन्दर्भ बुकहरूको व्यवस्था गर्ने ।

ङ) पुस्तकालयलाई समय सापेक्ष प्रविधि मैत्री बनाउने ।

च) पुस्तकालयको निमित्त विनियोजित बजेटको सिमाभित्र रही कार्य गर्ने ।

[२२] दफा नं. ४९ यस दफालाई खारेजी गरिएको (आठौं संशोधन २०७६)

चतुर्भुजेश्वर जनता बहुमुखी क्याम्पस
स्था. २०४८
सुखेपोखरी, हरिवन, सर्लाही

**५१. गठन तथा पुर्नगठन :**

आवश्यकताअनुसार संचालक समितिले अन्य उपसमितिहरू गठन तथा पुर्नगठन गर्न सक्नेछ ।

**५२. उप-समितिको बैठक :**

उपसमितिको बैंठक आवश्यकता अनुसार बस्नेछ ।

## परिच्छेद - ६

## क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख, कार्यक्रम संयोजक र विभागीय प्रमुख

**५३. क्याम्पस प्रमुखको व्यवस्था र पदावधि :**

क) क्याम्पसमा कार्यरत पूर्णकालिन प्राध्यापकहरू (स्थायी/अस्थायी) मध्येबाट प्रशासनिक दक्षता, अनुभव तथा कार्य सम्पादन क्षमताको आधारमा क्याम्पस संचालक समितिले निर्णय गरी १ जना क्याम्पस प्रमुखको नियुक्ति गर्नेछ । अस्थायी प्राध्यापकको हकमा कम्तीमा ३ वर्ष यसै क्याम्पसमा कार्यरत हुनुपर्नेछ ।

ख) क्याम्पस प्रमुखको कार्यकाल ४ वर्षको हुनेछ ।

ग) संचालक समितिले आवश्यकता ठानेमा वा क्याम्पस प्रमुख पदमा बसेर कार्य गर्ने इच्छा भएमा बहालवाला क्याम्पस प्रमुखको पदावधि थप गर्न सकिनेछ ।

घ)[२३]

ङ)[२४]

च)[२५]

छ) उपदफा (ग) अनुसार नियुक्ति प्राप्त क्याम्पस प्रमुखको परिक्षण काल राखिने छैन ।

ज) उपदफा (क) र (ग) बमोजिम क्याम्पस प्रमुख नियुक्ति हुन नसकेको अवस्थामा आन्तरिक खुल्ला प्रतिस्पर्धाबाट छनौट गरी क्याम्पस प्रमुख नियुक्ति गर्न सकिनेछ ।

---

[२३] दफा नं. ५३ (घ) यस दफालाई खारेजी गरिएको (आठौं संशोधन २०७६)

[२४] दफा नं. ५३ (ङ) यस दफालाई खारेजी गरिएको (आठौं संशोधन २०७६)

[२५] दफा नं. ५३ (च) यस दफालाई खारेजी गरिएको (आठौं संशोधन २०७६)

## ५४. सहायक क्याम्पस प्रमुख :

क) शैक्षिक नेतृत्व वहन गर्न सक्ने, पूर्णकालिन उप-प्राध्यापक क्याम्पस प्रमुखको सिफारिसमा संचालक समितिले निर्णय गरेको शिक्षक सहायक क्याम्पस प्रमुख हुनेछ ।

ख) सहायक क्याम्पस प्रमुखको व्यवस्था तथा पदावधि दफा ५८ अनुसार हुनेछ ।

## ५५. कार्यक्रम संयोजक :

यस सम्बन्धमा शैक्षिक प्रशासन नियमावलीमा व्यवस्था भए बमोजिम हुनेछ ।

## ५६. शिक्षण विभाग तथा विभागीय प्रमुख :

यस सम्बन्धमा शैक्षिक प्रशासन नियमावलीमा व्यवस्था भए बमोजिम हुनेछ ।

## ५७. क्याम्पस प्रमुखको व्यवस्था तथा काम, कर्तव्य र अधिकार :

क) क्याम्पसको शैक्षिक, आर्थिक र प्रशासनको जिम्मेवारी लिई सञ्चालन गर्ने ।

ख) सेवा, सर्त र आचारसहिंता विपरीत हुने गरी काम गर्ने शिक्षक तथा कर्मचारीलाई नियमानुसार कारवाहीको प्रक्रिया अगाडी बढाउने ।

ग) शिक्षक तथा कर्मचारीको विदा स्वीकृति गर्नु, कार्य विभाजन गर्नु, सेवाको अभिलेख राख्नु तथा कार्य सम्पादनको मूल्यांकन गर्ने ।

घ) क्याम्पस सञ्चालक समितिमा शिक्षक, कर्मचारीको दरबन्दी सिफारिस गर्नु र राय सुझाव पेश गर्ने ।

ङ) क्याम्पसको वार्षिक बजेट तयार गरी लेखा सुपरीवेक्षण समिति वा लेखा व्यवस्थापन उप-समिति मार्फत क्याम्पस सञ्चालक समिति समक्ष पेश गर्ने ।

च) क्याम्पस सभा र सञ्चालक समितिको निर्णय क्याम्पस प्रमुखले कार्यन्वयन गर्ने, गराउने ।

छ) यस नियम र यस अन्तरगत बन्ने विनियमको पालना गर्नु गराउनु क्याम्पस प्रमुखको कर्तव्य हुनेछ र क्याम्पसमा नगरी नहुने आकस्मिक अवस्था आइ परेमा अध्यक्षसँग समन्वय गरी आवश्यक देखेको उचित कामकारवाही गर्ने र सञ्चालक समितिबाट अनुमोदन गराउने ।

ज) क्याम्पस प्रमुख उपस्थित हुन नसकेको अवस्थामा सहायक क्याम्पस प्रमुखलाई र सो नभएमा अन्य शिक्षकलाई निमित्त भई काम गर्न तोक्ने ।

झ) क्याम्पस प्रमुखले शैक्षिक एवम् प्रशासनिक कामको नेतृत्व गर्ने र सदस्य सचिवको रूपमा क्याम्पस व्यवस्थापनमा योगदान पुऱ्याउने छन् ।

ञ) क्याम्पसको आर्थिक, भौतिक सम्पत्ति र बैठक पुस्तिकालगायत आवश्यक अभिलेखको सबै जिम्मेवारी लिई दुरुस्त राख्ने ।

ट) लेखा परीक्षण प्रतिवेदनका सुझावहरू लागू गर्दै बेरुजु हटाउने तथा आर्थिक मितव्ययिता अपनाउन ठोस कार्यक्रम ल्याउने ।

ठ) विधानले तोकेको व्यवस्थाअनुरूप समिति, संचालक समिति, क्याम्पस तथा उपसमितिहरूको बैठक बेलाउने ।

ड) त्रिभुवन विश्वविद्यालय, राष्ट्रिय परीक्षा बोर्ड, विश्वविद्यालय अनुदान आयोग लगायतका निकायसँग समन्वय राख्ने ।

ढ) परीक्षा केन्द्र मर्यादित एवम् अनुशासित रूपमा संचालन गर्ने ।

ण) क्याम्पसमा आपतकालिन परिस्थिति आए तत्काल संचालक समितिका पदाधिकारीसँग परामर्श गरी समस्याको समाधान गर्ने उपाय खोज्ने ।

त) आफ्नो अनुपस्थितिमा पनि क्याम्पसको कार्यसुचारु गर्नको लागि संचालक समितिलाई जानकारी दिई व्यवस्था गर्ने ।

थ) क्याम्पसमा प्राध्यापक तथा कर्मचारी काज, विदा, काम एवम् विषयको बाँडफाँड गर्ने र विदालगायत सम्पूर्ण कामको तथ्याङ्क राखी अद्यावधिक गराउने एवम् विदा वा काज लिनु परे अध्यक्षको अनुमति लिने ।

द) प्राध्यापक तथा कर्मचारीलाई पुरस्कार वा गल्ती गर्नेहरूलाई अनुशासनको कार्वाही गर्न आवश्यक भएमा संचालक समितिमा पेश गर्ने ।

ध) क्याम्पस सभा र संचालक समितिमा सदस्य सचिव भई कार्य गर्ने ।

न) क्याम्पसलाई धुम्रपान, मध्यपान निषेधित, चरित्रवान एवम् अनुशासित विद्यार्थी उत्पादन स्थल, अनुशासित पोशाक, जातीय, लैङ्गिक वा वर्णको आधारमा भेद्भाव नगरिने नमूना स्थल बनाउने ।

प) दण्ड र पुरस्कारको व्यवस्थालाई छनौट तथा पदपूर्ति समितिबाट निर्णय गराई सोको लागि संचालक समितिमा सिफारिस गर्ने ।

## ५८. सहायक क्याम्पस प्रमुखको व्यवस्था / पदावधि

क) शैक्षिक नेतृत्व वहन गर्न सक्ने स्थायी वा अस्थायी उपप्राध्यापक सहायक क्याम्पस प्रमुख हुनेछ ।

ख) सहायक क्याम्पस प्रमुखको पदावधि सामान्यतया २ वर्षको हुनेछ । क्याम्पस प्रमुखको सिफारिसमा सञ्चालक समितिले निजको पदावधि पुनः थप गर्न सक्नेछ ।

## ५९. सहायक क्याम्पस प्रमुखको काम, कर्तव्य र अधिकार :

क) क्याम्पस प्रमुखको निर्देशनबमोजिम शिक्षक कर्मचारीहरूको बैठक बोलाउने ।

ख) क्याम्पसका परीक्षा, अनुशासन तथा अतिरिक्त क्रियाकलाप, सामान्य प्रशासन र पुस्तकालय शाखाका प्रमुखहरू मार्फत् प्रशासन संयन्त्रलाई व्यवस्थित छिटो र छरितो पार्न आवश्यक कार्य गर्ने वा गर्न लगाउने ।

ग) प्राध्यापक कर्मचारीको बैठकमा कर्मचारीहरूको आन्तरिक सरुवाका लागि प्रस्ताव पेश गर्ने ।

घ) तत्कालिन आवश्यकता पूरा गर्न क्याम्पस प्रमुखसँग परामर्श गरी एउटा शाखाको कर्मचारीलाई अर्को शाखामा काममा खटाउने ।

ङ) आवश्यकताअनुसार कर्मचारीलाई अतिरिक्त समय लागउने ।

च) क्याम्पस भौतिक विकास निर्माणको कार्यको रेखदेख गर्ने गराउने ।

छ) विद्यार्थीमा अनुशासन काम गर्न आवश्यक सुझाव, सल्लाह र निर्देशन दिने तथा त्यसको निरिक्षण गर्ने ।

ज) विद्यार्थीहरूको पीर मर्का बुझ्ने र समाधानका उपायहरू खोजी गर्ने, कार्यान्वयन गर्ने, गराउने ।

झ) क्याम्पस प्रमुखले प्रत्यायोजन गरेका अन्य अधिकारहरू प्रयोग गर्ने ।

ञ) क्याम्पसको विकास र प्रशासनिक सुधारका लागि आवश्यक अन्य कायम कामहरू गर्ने, गराउने ।

ट) क्याम्पस प्रमुख उपस्थित हुन नसकेको अवस्थामा क्याम्पस प्रमुखले तोके बमोजिम निमित्त भई काम गर्ने ।

## परिच्छेद - ७

## आचारसंहिता

**६०. सञ्चालक समितिको आचारसंहिता :**

क) क्याम्पसको विकास र हितलाई सर्वोपरी प्राथमिकता दिनुपर्ने ।

ख) संस्थागत कार्यमा व्यक्तिगत हित हुने गरी कार्य गर्न नहुने ।

ग) क्याम्पसको हित विपरीत कार्य गर्न र गोपनीयता भंग गर्न गराउन नहुने ।

घ) क्याम्पसको नियमावली र नियमहरूको पालना गर्नुपर्ने ।

**६१[२६]. प्राध्यापक र कर्मचारी आचारसंहिता :**

क) क्याम्पसको विकास र हितलाई प्राध्यापक र कर्मचारीले सर्वोपरी प्राथमिकता दिनुपर्नेछ ।

ख) क्याम्पसमा आइपरेका समस्या समाधानमा क्याम्पस प्रमुखलाई सबै प्राध्यापक र कर्मचारीले सहयोग गर्नु पर्नेछ ।

ग) क्याम्पसमा भएका काम कारवाही, पत्र आदिको बारेमा गोपनियता राख्नु पर्नेछ ।

घ) क्याम्पसभित्र आफ्नो आचारण तथा नैतिकता शुद्ध राखी पवित्र भावनाले अभिप्रेरित भई काम गर्नुपर्नेछ ।

ङ) आफुलाई तोकिएको कार्यभारको उत्तरदायित्व वहन गर्नु सम्पुर्ण शिक्षक तथा कर्मचारीको नैतिक जिम्मेवारी हुनेछ ।

च) सयम पालन र नियमितता प्रमुख प्राथमिकता हुनेछ ।

छ) राजनैतिक पार्टीको निर्वाचनमा उम्मेदवार बन्न पाईने छैन ।

ज) आफैं निर्णय लिन पाईने छैन ।

झ) क्याम्पस समयभित्र अन्य स्थानमा काम गर्न पाईने छैन ।

ञ) क्याम्पसको स्वीकृति बिना पठनपाठन भन्दा बाहेकका अन्य कार्यहरू गर्न पाईने छैन ।

ट) आफ्नो सेवा र पद अनुसारको आचारण गर्नुपर्नेछ ।

ठ) क्याम्पसलाई हानी नोक्सानी हुने कुनै पनि काममा सहभागी हुन पाईने छैन ।

ड) आर्थिक हिनामिना तथा भ्रष्टाचार गर्न पाईने छैन ।

---

[२६] थपिएको (आठौं संशोधन २०७६)

ढ)	राजनैतिक वा अवाञ्छनीय प्रभाव पार्न पाईने छैन ।

ण)	अपराधलाई प्राश्रय दिन पाईने छैन ।

## ६२[२७]. विद्यार्थी आचारसंहिता :

क)	क्याम्पसको नीति निर्देशनलाई अक्षरस पालना गर्ने ।

ख)	क्याम्पस परिसरभित्र निषेधित वस्तु तथा समाग्रीहरू नल्याउने ।

ग)	क्याम्पसको भौतिक सम्पत्तिको संरक्षण गर्ने/गराउने ।

घ)	एक अर्काको अस्तित्वमा आंच आउने खालका कुनैपनि व्यवहारहरू नगर्ने/गराउने ।

ङ)	क्याम्पस परिसर भित्र उत्पन्न भएका असहजताहरूलाई बाहिर नलगी क्याम्पस प्रशासन समक्ष समाधानको निमित्त पेश गर्ने ।

च)	क्याम्पसले तोकेको ड्रेस तथा समयमा क्याम्पस आउने ।

छ)	पुस्तकालयसम्बन्धी नीति नियमहरूलाई पालना गर्ने ।

ज)	प्राध्यापक तथा कर्मचारी वर्गप्रति आदर तथा सम्मान भाव व्यक्त गर्ने ।

झ)	विद्यार्थी/विद्यार्थी बिचमा असल मानवीय व्यवहार गर्ने ।

ञ)	अतिरिक्त क्रियाकलापसम्बन्धी समितिले गरेको निर्णयअनुसार अतिरिक्त क्रियाकलापमा सहभागी हुने ।

ट)	राजनैतिक वा अवाञ्छनिय प्रभाव नपार्ने ।

ठ)	अपराधलाई प्राश्रय नदिने ।

ड)	क्याम्पसलाई हानी नोक्सानी हुने कुनै पनि काममा सहभागी नहुने ।

---

[२७] परिमार्जन गरिएको (आठौं संशोधन २०७६)

## परिच्छेद - ८

## प्राध्यापक संघ, कर्मचारी संघ र स्वतन्त्र विद्यार्थी युनियन

**६३. प्राध्यापक संघ :**

क्याम्पसमा कार्यरत प्राध्यापकहरूको पेशागत हक र हितको निमित्त एक क्याम्पस प्राध्यापक संघ गठन गर्न सकिनेछ । प्राध्यापकसँग गठन तथा कार्यविधी छुट्टै निर्माण गरी लागु गर्नेछ ।

**६४. कर्मचारी संघ :**

क्याम्पसमा कार्यरत कर्मचारीहरूको पेशागत हक र हितको निमित्त एक क्याम्पस कर्मचारी संघ गठन गर्न सकिनेछ ।

**६५. स्वतन्त्र विद्यार्थी युनियन :**

क्याम्पसमा नियमितरुपमा अध्ययनरत विद्यार्थीहरूको मध्येबाट सर्वसहमत वा निर्वाचन प्रणालीद्वारा एक स्वतन्त्र विद्यार्थी युनियनको गठन हुनेछ । जसको निमित्त आवश्यक पर्ने नीतिनियम त्रि.वि. द्वारा निर्धारित हुनेछ साथै त्रि.वि.को कार्य तालिका तथा सूचनाअनुसार नै स्वतन्त्र विद्यार्थी युनियन गठन तथा विगठन हुन सक्नेछ ।

**६५.१[२८] पूर्व विद्यार्थी समाज :**

यस क्याम्पसबाट स्नातक तथा स्नातकोत्तर तह उत्तिर्ण गरी गई सकेका विद्यार्थीहरूको १ समिति रहनेछ । जसको गठन प्रक्रिया, काम, कर्तव्य, अधिकार कार्यविधिअनुसार हुनेछ ।

[२८] थपिएको (आठौं संशोधन २०७६)

## परिच्छेद - ९
## आर्थिक व्यवस्था

### ६६. आर्थिक कोष

क्याम्पस आर्थिक कोषमा देहायबमोजिमको रकम रहनेछ ।

क) सदस्यताबाट प्राप्त रकम ।

ख) विद्यार्थीबाट प्राप्त विभिन्न शुल्कहरू ।

ग) विश्वविद्यालय अनुदान आयोग, सरकारी, राष्ट्रिय वा अन्तराष्ट्रिय, गैरसरकारी र स्थानीय निकायबाट अनुदान कार्यक्रम वा सहयोग वापत प्राप्त रकम ।

घ) प्राध्यापक, कर्मचारी छनौट गर्दा आवेदन, परीक्षा आदिबाट प्राप्त रकम वा अन्य सहयोग रकम ।

ङ) ऋण वा सापटी रकम ।

च) क्याम्पसलाई व्यक्ति वा संघ संस्थाबाट प्राप्त सहयोग रकम ।

छ) क्याम्पसको जग्गा, घरभाडा लगायतबाट आउने रकम ।

ज) बैंक व्याजबाट प्राप्त रकम ।

झ) अन्य स्रोतबाट प्राप्त हुने रकम ।

### ६७. बैंक खातासम्बन्धी व्यवस्था :

क) बैंक खाता संचालनसम्बन्धी आर्थिक नियमावली निर्माण गरी सोहीअनुसार क्याम्पसलाई प्राप्त हुने सबैखाले आम्दानी बैंक खातामा दाखिला गरिनेछ ।

ख) संचालक समितिले तोकेको बैंकमा क्याम्पसको खाता खोलिनेछ ।

ग) संचालक समितिको निर्णय र क्याम्पसको आर्थिक नियमावलीले गरेको व्यवस्थाअनुरूप आवश्यकताअनुसार अन्य बैंक खाताहरू क्याम्पसले खोल्न सक्नेछ ।

## ६८. प्रशासन तथा लेखाका प्रावधानहरू :

क) प्रशासनिक र लेखासम्बन्धी काम गर्न क्याम्पसमा प्रशासन शाखा, लेखा शाखा, परीक्षा शाखा, खरिद तथा भण्डार शाखा, पुस्तकालय शाखा र शैक्षिक व्यवस्थापन तथा सूचना प्रणाली शाखा रहनेछन् ।

ख) क्याम्पसले नियुक्ती गरेका लेखाको जिम्मेवार कर्मचारी आर्थिक कोषका मुख्य जिम्मेवार व्यक्ति हुनेछन् ।

ग) क्याम्पस प्रमुखले आर्थिक हिसाबको प्रत्यक्ष निरिक्षण र नियन्त्रण गर्नेछन् ।

घ) संचालक समितिका अध्यक्ष र कोषाध्यक्ष तथा लेखा सुपरीवेक्षण समितिले आर्थिक हिसाबको अनुगमन गर्नेछन् ।

ङ) विकास, छात्रवृत्ति वा यस्तै शीर्षकमा तोकिएर आएको रकम अन्य शीर्षकमा खर्च गर्न पाइने छैन ।

च) दोहोरो लेखा प्रणालीको आधारमा सम्पूर्ण हिसाब राखिनेछ ।

छ) कम्प्यूटर सफ्टवेयर प्रणालीको आधारमा हिसाब राखिने व्यवस्था गरिनेछ ।

ज) संचालक समितिले आवश्यकता महसुस गरेमा लेखापालबाट अचल सम्पत्ति धितो जमानत राख्न सकिनेछ ।

झ) यस शाखामा स्थायी, अस्थायी, करार वा आंशिक सेवाका सम्पूर्ण प्राध्यापक तथा कर्मचारीहरूको तलब, भत्ता तथा विदा लगायतको तथ्याङ्कको अभिलेख व्यवस्थित रूपमा राखिनेछ ।

ञ) क्याम्पसको भौतिक सम्पत्ति र जिन्सी सामानको तथ्याङ्क निर्धारित मापदण्ड बमोजिम राखी अध्यावधिक गरिरहनु पर्नेछ ।

ट) विद्यार्थीहरूको तथ्याङ्क राखी नियमित गर्दै जानु पर्नेछ ।

ठ) क्याम्पसको आम्दानी, खर्च एवम् आम्दानी खर्चको क्षेत्रगत योगदानको ग्राफ बनाई कार्यालयमा टास गर्नु पर्नेछ ।

ड) आर्थिक तथा प्रशासनिक अभिलेखहरू वैज्ञानिक ढंगबाट राखी जुनसुकै बेला आवश्यक पर्दा पारदर्शी गर्न सक्ने किसिमले नियमित गरिरहनु पर्नेछ ।

ढ) क्याम्पसका संस्थापकलगायत सबै सदस्यहरूको अध्यावधिक तथ्याङ्क प्रशासन शाखामा हुनु पर्नेछ ।

ण) क्याम्पसलाई चाहिने मसलन्द र अन्य सामानहरू वर्षमा एकपटक एकमुष्ट रूपमा टेण्डर प्रकृयाबाट खरिद गर्दा सस्तो पर्ने भएकाले सकेसम्म यस्तो प्रकृया अपनाएर खरिद गर्ने ।

त) जिन्सी वा निर्माणका सामानहरू खरिद गर्दा टेण्डर वा कोटेशन आव्हान् गरेर सोको आधारमा माग गर्ने ।

थ) कुनै पनि सामान खरिद गर्दा माग फारम अनिवार्य भरी क्याम्पस प्रमुखको स्वीकृति गराउने र खरिद भएका सामान जिन्सी खातामा जम्मा गरेर मात्र खर्च गर्ने ।

द) निर्माणसम्बन्धी कामको भुक्तानी दिनु पर्दा लागत एस्टिमेट, मूल्याङ्कन, दर रेट र सम्बन्धित समितिको सिफारिस भएपछि मात्र दिने ।

ध) संचालक समिति वा अन्य कुनै समिति, उपसमितिका सदस्यहरू प्राध्यापक वा कर्मचारीहरूले मौखिक वा लिखित जमानत बसी विद्यार्थीको शुल्क वा अन्य आर्थिक विषयमा बाँकी बक्यौता गर्न पाइने छैन । यस्तो बाँकी बक्यौता देखिएमा सम्बन्धित सदस्य, प्राध्यापक वा कर्मचारीबाट असुल उपर गराउनु पर्नेछ ।

न) लेखासम्बन्धी अन्य कामहरू आर्थिक नियमावलीमा उल्लेख भएअनुसार गरिनेछ ।

## ६९. अक्षय कोष :

क) छात्रवृत्ति वा अन्य कुनै कल्याणकारी कार्यको लागि क्याम्पसले वा कसैले अक्षय कोष राख्न चाहेमा राख्न सकिनेछ ।

ख) अक्षय कोष राख्दा मूलधन नमासिने गरी व्याजबाट मात्र तोकिएको काम गर्नुपर्नेछ ।

## ७०. नगदी कोष :

क) क्याम्पसको दैनिक कार्य संचालनका लागि बढीमा दश हजार सम्मको रकमको नगदी कोष खडा गरी खर्च गर्न सकिनेछ ।

ख) लेखापालको जिम्मा रहने यो नगदी कोष क्याम्पस प्रमुखको स्वीकृतिमा नियमअनुसार खर्च गरिनेछ ।

ग) यस कोषको संचालन आर्थिक नियमावलीमा उल्लेख भएअनुसार गरिनेछ ।

**७१. लेखा परीक्षणको व्यवस्था :**

क) क्याम्पसले सम्पूर्ण आय-व्ययको विवरणलाई आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र यस विधानको प्रावधानअनुरूप मान्यता प्राप्त लेखा परीक्षकबाट लेखा परीक्षण गराइनेछ ।

ख) यस क्याम्पसका प्राध्यापक, कर्मचारी तथा संचालक समिति वा उपसमितिका सदस्यलाई लेखा परीक्षक नियुक्ती गरिने छैन ।

ग) लेखा परीक्षण प्रतिवेदन संचालक समितिमा प्रस्तुत गरी अनुमोदनका लागि क्याम्पस सभामा पेश गर्नु पर्नेछ ।

घ) क्याम्पस सभाले गर्ने निर्णयलाई असर नपर्ने गरी लेखा परीक्षकहरूको सार्वजनिक निवेदन माग गरी लेखा नियमअनुसारको विश्वसनीय लेखा परीक्षकको नियुक्ती गरिनेछ ।

ङ) लेखा परीक्षण गर्नु पूर्व आन्तरिक लेखा परीक्षण गरी संचालक समितिबाट हिसाब अनुमोदन गराउनु पर्नेछ ।

**७२. प्राध्यापक, कर्मचारीहरूको सेवा, सुविधा र शर्त :**

क) प्राध्यापक तथा कर्मचारीहरूको सेवा, शर्त र सुविधा सम्बन्धन दिने विश्वविद्यालयलाई आधार मानि संचालक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद - १०

## विविध

**७३. अविश्वासको प्रस्ताव :**

क) संचालक समिति, अनुगमन समिति, लेखा सुपरीवेक्षण समिति वा अन्य उप-समिति अथवा पदाधिकारी एवम् सदस्य माथि प्रमाणित अभियोग उल्लेख गरी अविस्वासको प्रस्ताव राख्न सकिनेछ ।

ख) त्यस्तो प्रस्ताव क्याम्पस सभाका कम्तीमा २५ प्रतिशत सदस्यले क्याम्पस सभा हुनुभन्दा कम्तीमा ७ दिन अगाडि लिखित रूपमा क्याम्पसमा पेश गर्नुपर्नेछ ।

ग) त्यस्तो प्रस्ताव क्याम्पस सभामा उपस्थित मध्ये २ तिहाई सदस्यले समर्थन गरेमा पारित हुनेछ ।

घ) आरोप लागेको व्यक्तिलाई सभामा सफाई गर्ने मौका प्रदान गर्नुपर्दछ ।

## ७४. विधान संसोधन :

प्रमुख आवश्यकता तथा औचित्यताको आधारमा मात्र विधान संशोधन गर्न सकिनेछ । जसका लागि बढीमा सात सदस्य विधान समिति क्याम्पस संचालक समितिले निर्णय गरी गठन गर्न सक्नेछ । कम्तीमा ५१ प्रतिशत सदस्य उपस्थित क्याम्पस सभाको २ तिहाई मतले निर्णय गरी विधान संशोधन गर्न सकिनेछ ।

## ७५. नियम बनाउने :

क) यस विधानबमोजिम विभिन्न नियमावली बनाई क्याम्पस सभाबाट अनुमोदन गरी लागू गर्न सकिनेछ ।

ख) सेवा र सुविधाका नियम बनाउँदा क्याम्पसको आर्थिक स्थिति र दुरगामी प्रभाव समेतलाई मूल्याङ्कन गरेर मात्र नियमावली बनाउनु पर्नेछ ।

## ७६. नियमअनुसार हुने :

क) यो विधान प्रचलित कानूनमा बाझिन् गएमा बाझिएका दफा स्वत: निश्कृय भएको मानिनेछ ।

ख) यस विधानमा उल्लेख नभएको कुराहरू प्रचलित ऐन नियमअनुसार हुनेछ ।

ग) यो विधान लागू हुनुपूर्व भएका काम कार्वाही यसै विधानअनुसार भएको मानिनेछ ।

## ७७. दायित्व :

क्याम्पस सभाका सदस्य वा समितिका पदाधिकारीहरूले असल नियतले क्याम्पसको कुनै काम गर्दा हानी नोक्सानी भएमा व्यक्तिगत जवाफदेही हुनुपर्ने छैन ।

## ७८. पुस्तकालय तथा अध्ययन केन्द्र :

क) प्राध्यापक तथा विद्यार्थीलाई पाठ्यपुस्तक, पत्रपत्रिका र सन्दर्भ सामाग्री अध्ययन गर्न पुस्तकालय तथा अध्ययन केन्द्र स्थापना गरिनेछ ।

ख) पुस्तकालय र अध्ययन केन्द्रको व्यवस्थापन नियमावलीमा तोकअनुसार हुनेछ ।

## ७९. निर्वाचन समिति :

क) क्याम्पस सभामा प्रत्येक ३ वर्षमा हुने संचालक समिति, लेखा सुपरीवेक्षण समिति र अनुगमन समितिको निर्वाचन गर्न बढीमा ३ सदस्यीय निर्वाचन समिति गठन गरिनेछ ।

ख) संचालक समितिले प्रस्तावित गर्ने यो समितिलाई क्याम्पस सभाबाट अनुमोदन गराइनेछ ।

ग) निर्वाचन समितिमा रहने व्यक्तिहरू निर्वाचनमा प्रतिस्पर्धा गरेर कुनै पनि समितिको सदस्य भई बस्ने छैनन् ।

## ८०. बाधा अड्चन फुकाउ :

क) यो संशोधित विधान क्याम्पस सभाबाट अनुमोदन भएपछि हुने बढीमा एउटा क्याम्पस सभामा भने साविक विधान बमोजिमका सभा सदस्यहरूलाई यसै विधान बमोजिमका सदस्य मानी निर्वाचन लगायतका सम्पूर्ण काम कार्वाही गर्न सकिनेछ ।

ख) यो विधान लागू भएपछि हुने बढीमा एउटा क्याम्पस सभाको लागि साविक विधान अनुसार नै क्याम्पस सभा बोलाउन जारी गरिएको मान्य हुनेछ ।

ग) क्याम्पस विधानमा उल्लेख नभएका विषयमा कुनै बाधा अड्काउ आइपरेमा क्याम्पस सञ्चालक समितिले निर्णय गरे बमोजिम हुनेछ ।

घ) क्याम्पस सञ्चालन हुन नसकी बन्द भएमा यस क्याम्पसको चलअचल सम्पति नेपाल सरकार वा यस क्याम्पसलाई सम्बन्धन दिने विश्वविद्यालयको स्वामित्वमा जानेछ ।

## ८१.[२९] विविध :

यस विधानमा लेखिएका कुनै कुराहरू त्रिभुवन विश्वविद्यालय र नेपाल सरकारको प्रचलित ऐन नियमसँग बाजिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

---

[२९] थप गरिएको (नवौं संशोधन २०७७)

## अनुसूची - १

गोलाकार पहिलो रेखाभित्र क्याम्पसको नाम, ठेगाना लेखिनेछ । नाम र ठेगानालाई छुट्याउन ५ कुने ताराको चित्र राखिनेछ । दोस्रो घेरा भित्र षड्कोण र षड्कोणको विचमा पढ्न तयारी अवस्थामा राखिएको पुस्तक हुनेछ । पुस्तक माथि लेख्न तयार अवस्थामा रहेको कलम हुनेछ । षड्कोण बाहिर स्थापित २०४८ नेपालीमा र १९९१ अंग्रेजीमा लेखिनेछ । छापको नमूना देहायअनुसार हुनेछ ।



## अनुसूची - २

### क्याम्पसको सांगठनिक संरचना

**क्याम्पस सभा**

↓

- अनुगमन समिति
- संचालक समिति
- लेखा सुपरिवेक्षण समिति

**संचालक समिति**

↓

**उप-समिति**

- निर्माण तथा खरिद
- लेखा व्यवस्थापन
- शैक्षिक समन्वय
- छनौट तथा पदपूर्ति
- छात्रवृत्ति/प्रोत्साहन
- पुस्तकालय व्यवस्थापन
- सल्लाहकार

**आन्तरीक गुणस्तर सुनिश्चितता समिति**

- स्व मूल्याङ्कन समिति
- अनुसन्धान समिति
- आन्तरिक परिक्षा/मूल्याङ्कन समिति
- सार्वजनिक सूचना/पृष्ठपोषण समिति
- प्लेशमेन्ट/परामर्श समिति
- पुस्तकालय समिति
- अतिरिक्त क्रियाकलाप समिति
- शैक्षिक व्यवस्थापन/सूचना प्रणाली समिति
- नेचर क्लब

**क्याम्पस प्रशासन**

↓

**क्याम्पस प्रमुख**


↓

- सहायक क्याम्पस प्रमुख
- संकाय प्रमुख
- विभागिय प्रमुख
- प्राध्यापक वर्ग

- परीक्षा प्रशासन
- लेखा प्रशासन
- पुस्तकालय प्रशासन
- भण्डार प्रशासन
- सामान्य प्रशासन
- EMIS प्रशासन

## अनुसूची - ३

खैरो रङको पृष्ठभुमि भएको २×३ फिट क्षेत्रफल भएको चारकुने कपडाको बिच भागमा निलो मसिले लेखिएको क्याम्पसको छाप अंकीत झण्डा यस क्याम्पसको झण्डा हुनेछ । झण्डाको नमूना देहाय अनुसार हुनेछ ।



## अनुसूची - ४

### संस्थापक समिति

| | | |
|---|---|---|
| १) | श्री यामिनीकुमार दीप | (अध्यक्ष) |
| २) | श्री नवराज भट्टराई | (उपाध्यक्ष) |
| ३) | श्री कपिलमुनी मैनाली | (सदस्य) |
| ४) | श्री रामशरण उप्रेती | (सदस्य) |
| ५) | श्री डिल्लीप्रसाद उप्रेती | (सदस्य) |
| ६) | श्री कोमलनाथ हुमागाई | (सदस्य) |
| ७) | श्री लक्ष्मण रायमाझी | (सदस्य) |
| ८) | श्री जंगबहादुर भट्टराई | (सदस्य) |
| ९) | श्री केदारनाथ पौडेल | (सदस्य) |
| १०) | श्री ठाकुर कोइराला | (सदस्य) |
| ११) | श्री नारायण उप्रेती | (सदस्य) |
| १२) | श्री बमबहादुर राजभण्डारी | (सदस्य) |
| १३) | श्री कृष्णप्रसाद भट्टराई | (सदस्य सचिव) |